# सडक बालबालिकाको सामाजिक तथा आर्थिक अवस्था

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत

समाजशास्त्र विषयमा स्नातकोत्तर उपाधिका आंशिक परिपूर्तिको प्रयोजनको निमित्त

प्रस्तुत

शोध पत्र

प्रस्तोता

**अमृता पुन**

समाजशास्त्र केन्द्रीय विभाग,

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर

(२०७२)

**त्रिभुवन विश्वविद्यालय**

**समाजशास्त्र केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाडौं**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालयद्वारा निर्धारित पाठ्यक्रम अनुसार स्नातकोत्तर उपाधीको आशिंक आवश्यकता पूरा गर्नको लागि सामाजिकशास्त्र संकाय अर्न्तगत समाजशास्त्र विभागको छात्रा अमृता पुनले **"सडक बालबालिकाको सामाजिक तथा आर्थिक अवस्था"** मेरो रेखदेख र निर्देशनमा तयार पार्नु भएको हो । त्यसकारण यस शोधलाई अन्तिम मूल्याङ्कन समितीमा पेश गर्न सिफारिस गर्दछु ।

मिति : २०७२/१२/१६

...............................

**डा. मनहरि ढकाल**

(शोध निर्देशक)

समाजशास्त्र केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं

**त्रिभुवन विश्वविद्यालय**
**समाजशास्त्र केन्द्रीय विभाग**
**कीर्तिपुर, काठमाडौं**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय सामाजिक शास्त्र संकाय अर्न्तगत समाजशास्त्र विषयको स्नातकोत्तर तहको आशिंक आवश्यकता परिपूर्तिको लागि अमृता पुनद्वारा तयार गरिएको **"सडक बालबालिकाको सामाजिक तथा आर्थिक अवस्थाको एक अध्ययन"** शीर्षकको शोधपत्र स्नातकोत्तर उपाधिका लागि उपयुक्त भएकोले स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

**डा. मनहरि ढकाल** ......................
(शोध निर्देशक)

**श्री. राम के.सी.** ...................
(बाह्य निर्देशक)

**प्रा.डा. तुल्सीराम पाण्डे** .....................
विभागीय प्रमुख

मितिः २०७२/१२/२९

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र मैले स्नातकोत्तर तहको उपाधी प्राप्तिका लागि तयार पारिएको हो । यस शोधपत्र तयार पार्न आफ्नो अमूल्य एवं व्यस्त समयको बावजुद पनि आवश्यक निर्देशन, सरसल्लाह एवं सहयोग पुऱ्याउनु हुने शोध निर्देशक डा. मनहरि ढकालज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोध विषयमा शोधकार्य गर्न अवसर जुटाउने समाजशास्त्र केन्द्रीय विभागप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । आफ्ना अमूल्य विचार दिने विभागका अन्य आदरणीय गुरुहरूप्रति हार्दिक कृतज्ञ छु ।

सामाग्री संकलनका क्रममा सहयोग गर्ने बुटवल नगरपालिका कार्यलयका प्रशासन अधिकृतज्यू प्रति हार्दिक आभार व्यक्त गर्दछु । त्यसै गरि अध्ययनको क्रममा तथ्याङ्क संकलन गर्न आवश्यक सहयोग गरिदिनु हुने साथीहरूलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु । अन्त्यमा म यस शोधपत्रको समूचित मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय समाजशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर समक्ष पेस गर्दछु ।

..........................

**अमृता पुन**
समाजशास्त्र केन्द्रीय विभाग
कीर्तिपुर, काठमाडौं

## विषयसूची


| **विषय** | **पेज** |
|---|---|
| **सिफारिस पत्र** | |
| **स्वीकृति पत्र** | |
| **कृतज्ञता पत्र** | |
| **विषय सूची** | |
| **तालिका सूची** | |
| **अध्याय-एक** | |
| **परिचय** | **१-५** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ३ |
| १.३ अध्ययनको उद्देश्य | ४ |
| १.४ अध्ययनको महत्त्व | ४ |
| १.५ अध्ययनको संगठन | ५ |
| **अध्याय-दुई** | |
| **पूर्व साहित्यको समीक्षा** | ६-११ |
| **अध्याय-तिन** | |
| **अनुसन्धान विधि** | **१२-१५** |
| ३.१ अध्ययन क्षेत्र छनोटको आधार | १२ |
| ३.२ विषय छनोट | १२ |
| ३.३ अनुसन्धानको ढाँचा | १३ |
| ३.४ अध्ययनको इकाई र नमूना छनोट | १३ |
| ३.५ तथ्याङ्क संकलनका स्रोतहरू र विधिहरू | १४ |
| ३.६ तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण | १४ |
| ३.७ अध्ययनको सीमा | १५ |

**अध्याय-चार**


**सडक बालबालिकाहरूको सामाजिक अवस्थाको विवरण** **१६-२४**

४.१ जन्म स्थान १७

४.२ जात १८

४.३ धर्म १९

४.४ उमेर तथा लिङ्ग २०

४.५ शैक्षिक स्थिति २०

४.६ बासस्थान २१

४.७ घर छोड्नु कारण २१

४.८ घर जाने वा नजाने सम्बन्धी २२

४.९ पारिवारिक पृष्ठभूमी २३


**अध्याय- पाँच**


**सडक बालबालिकाहरूको आर्थिक अवस्थाको विवरण** **२५-२९**

५.१ पारिवारिक पेशाको विवरण २५

५.२ आर्थिक स्रोत जुटाउने क्रममा कामको प्रकृति २६

५.३ दैनिक आम्दानी २७

५.४ आयले खान पुग्ने वा नपुग्ने २७

५.५ आयले नपुग्दाको स्थिति २८

५.६ खर्च विवरण २९


**अध्याय–छ**


**सडक बालबालिकाहरूको वर्तमान अवस्थाको विवरण** **३०-४१**

६.१ हालको बासस्थानको स्थिति ३०

६.२ खाना व्यवस्था सम्बन्धी ३१

६.३ लुगा व्यवस्था सम्बन्धी ३२

६.४ बस्ने ठाउँमा ओढने ओछ्याउने सम्बन्धी ३२

६.५ सरसफाई सम्बन्धी ३३

६.६ सडक जीवनको क्रममा लागेका लतहरू ३४

६.७ बिरामी हुदाँ हेरबिचार सम्बन्धी ३५

६.८ उपचार गराउने स्थान ३६

६.९ उनीहरूप्रति अरूले हेर्ने गरेको दृष्टिकोण ३६

६.१० आफ्नो कार्य सन्तुष्टिबारे ३७

६.११ सडक छोडने प्रति धारणा ३८

६.१२ भविष्यको योजनाबारे ४०

**अध्याय-सात**

**सडक बालबालिकाहरूको समस्या र सडकमा आउनुको कारण ४२-४५**

७.१ सडक बालबालिकालाई परेको समस्या ४२

७.१.१ स्वास्थ्य समस्या ४३

७.१.२ दूर्व्यसनी समस्या ४३

७.२ सडक बालबालिका बन्नुका कारण ४४

**अध्याय-आठ**

**साराशं र निष्कर्ष ४६-५०**

८.१ साराशं ४६

८.२ निष्कर्ष ५०

**वैयक्तिक विवरण**

**सन्दर्भ सूची ग्रन्थ**

**प्रश्नावली**

# तालिका सूची


| तालिका नं. | शीर्षक | पेज नं |
|---|---|---|
| १. | जनसंख्याको विवरण | १७ |
| २. | जातिय विवरण | १८ |
| ३. | धार्मिक विवरण | १९ |
| ४. | उमेर तथा लैङ्गिक विवरण | २० |
| ५. | शैक्षिक विवरण | २० |
| ६. | बासस्थानको विवरण | २१ |
| ७. | घर छाड्नुको कारण | २२ |
| ८. | घर जाने वा नजाने विवरण | २३ |
| ९. | पारिवरिक विवरण | २४ |
| १०. | पारिवारिक पेशाको विवरण | २५ |
| ११. | कामको प्रकृतिको विवरण | २६ |
| १२. | दैनिक आम्दानीको विवरण | २७ |
| १३. | कमाएको खर्चले पुग्ने वा नपुग्ने | २८ |
| १४. | खाना बाहेक अन्य खर्च विवरण | २९ |
| १५. | हालको बासस्थानको विवरण | ३० |
| १६. | खाना व्यवस्था सम्बन्धी विवरण | ३१ |
| १७. | लुगा व्यवस्था सम्बन्धी विवरण | ३२ |
| १८. | बस्ने ठाउँमा ओढ्ने ओछ्याउने सम्बन्धी विवरण | ३३ |
| १९. | सरसफाईको विवरण | ३४ |
| २०. | सडक जीवनमा लागेका लतहरूको विवरण | ३४ |
| २१. | विरामी हुदा हेरविचार सम्बन्धी विवरण | ३५ |
| २२. | उपचार गराउने स्थान | ३६ |
| २३. | उनीहरू प्रति अरूले हेर्ने दृष्टिकोण | ३७ |

२४. आफ्नो कार्य सन्तुष्टिबारे विवरण ३७
२५. सडक छोड्नेप्रति धारणा ३८
२६. सडक छोड्न चाहने कारणहरू ३९
२७. सडक छोड्न नचाहने कारणहरू ४०
२८. भविष्यको योजनाबारे विवरण ४१
२९. समस्याको विवरण ४२
३०. स्वास्थ्य समस्याको विवरण ४३

## अध्याय : एक

## परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

बालबालिका को हुन वा कुन उमेर सम्मको व्यक्तिलाई बालबालिका भनि परिभाषित गर्ने भन्ने बारेमा आ-आफ्नो देशको परिस्थिती अनुसार परिभाषा गरेको पाइन्छ । प्रत्येक राज्यको कानुनले परिभाषित गरे अनुसार बालबालिकाको उमेर फरक फरक पाइन्छ । बालबालिका भनेका जन्मदेखि १८ वर्ष उमेर नपुग्दा सम्मका व्यक्ति हुन । नेपालको सम्बन्धमा १६ वर्ष भन्दा मुनिको उमेरलाई बालबालिका भनिन्छ । बालबालिका प्रत्येक घरपरिवार र सिङ्गो राष्ट्रका एक अभिन्न अगं हुन । उनीहरू बिना समाजको निर्माण र सिर्जना सम्भव छैन । बालबालिकाको विकास बिना समाज अगाडि बढ्न सक्दैन । राष्ट्रमा सडक बालबालिकाको सख्या दिन प्रतिदिन बढ्नु दुःखको कुरा हो किनभने यसले देशको भविष्यलाई नै नकरात्मक प्रभाव पार्नुका साथै संसारभर नै देशको धर्त्तीलाई धमिल्याउने काम गरिरहेको पाइन्छ । (शर्मा, २०१२)

विश्वमा बालबालिकाहरूको संख्या (०–१८) वर्षका २ अर्बभन्दा बढी छन् । त्यसमा पनि झण्डै ८७% विकासोन्मुख देशमा छन् । नेपालको कूल जनसंख्यामा १६ वर्षसम्मका बालबालिकाहरू (३३%) रहेका छन् । जसमा बालकको सख्या ५०.७% र बालिकाको सख्या ४९.३% रहेको छ । त्यसमध्ये अत्याधिक संख्या ८५.८% ग्रामीण क्षेत्रमा र १४.२% मात्र शहरी क्षेत्रमा बसोबास गरेको पाइन्छ । नेपालको कूल बालबालिकाहरू मध्ये शहरी क्षेत्रमा बसोबास गर्ने सडक बालबालिकाको सख्या ५००० रहेको छ । (सिविन, २०१०)

बालबालिका भन्नाले आ-आफ्नो देशको परिस्थिती अनुसार परिभाषा गरेको पाइन्छ । बालबालिका क-कसलाई मान्ने ? त्यसका लागि आधारहरू के के हुन ? कति वर्ष सम्मका बालबालिकालाई बालक मान्ने ? भन्ने विषयहरूमा एकिनका साथ कसैले परिभाषित गरेका छैनन् । बाल अधिकार सम्बन्धि महासन्धि सन् १९८९ को धारा १ अनुसार कुनै पनि देशको राष्ट्रिय कानूनमा अन्यथा तोकिएको बाहेक १८ वर्ष मुनिका सम्पूर्ण व्यक्तिलाई बालबालिका सम्झनु पर्ने हुन्छ । नेपालको बालबालिका सम्बन्धि ऐन २०४८ को दफा २ को खण्ड(क) का अनुसार १६ वर्ष उमेर पूरा नगरेका सम्पूर्ण व्यक्तिलाई बालबालिका भनिन्छ । विश्वमा ८ करोड बालबालिकाहरू रहेका छन् । ति मध्ये २०% बालबालिकाहरू सडकमै जीवन

बिताउने गरेका छन् । त्यसै गरी नेपालको ७८ लाख बालबालिकाहरूमध्ये २६ हजार बालबालिका सडक जीवनतर्फ धकेलिरहेका छन् भने ३ हजार ६ सय बालबालिकाहरू सडकमा ज्यादै दयनीय र समस्याग्रस्त छन् । (खरेल, २००२) सडक बालबालिकाको जन्म कहाँबाट, कहिले, कसरी भयो ? यस प्रश्नलाई बुझ्न विश्वको इतिहासतर्फ लाग्नुपर्दछ । बेलायतको औद्योगिक क्रान्तीबाट यस समस्याको प्रार्दुभाव भएको हो । औद्योगिक क्रान्तीले निम्न वर्गका मान्छेहरूलाई रोजगारी मात्र दिएन, उनीहरूमा पारिवारीक विघटनको शुरूवात पनि गरायो । बुवा आमा काममा गएको बेला केटाकेटीहरू सहरका सडकहरूमा घुमी दिन बिताउन थाले । बेलायतबाट विभिन्न महादेश हुँदै एशिया महादेशमा पनि यो समस्या भित्रियो । नेपालको तराई क्षेत्रमा पुवर्बास प्रक्रिया तथा देशमा केन्द्रिकरण औद्योगिक विकास हुनाले बसाई सराई प्रक्रिया अत्याधिक मात्रामा बढ्यो । जसको फलस्वरूप परिवार टुक्रिने र शहरमा मजदुर पेशाको उत्पति भयो । यिनै परिवारका बच्चाहरू संरक्षकको अभावमा सडक जान बाध्य भए । (Child worker Asia, 2000)

भोलिका देशका उज्जल ताराका रूपमा गनिने आजका यी कलिला, सरल, सुबोध बालबालिका आफनो घर, परिवार, समाज, राष्ट्रबाट सहारा नपाएका, पाएपनि राम्रो हेरविचार लालनपालन नगरिएका, घरजग्गा नभएका, भएपनि त्यसबाट गुजारा नचल्ने भएका, रोगी भएर अपहेलित भएका, दुर्घटनामा परी असक्त भएका, बावुआमा नभएका भएपनि साह्रै गरिब भएका, सौतेनी आमाबावुको दुर्व्यवहार सहन नसकी बाहिरिएका साथै टुहुरो हुनाले पनि ति बालबालिकाहरू सडकमा आई मगन्ते हुन बाध्य भएका छन् । यस्ता बालबालिकाको संख्या नेपालमा धेरै रहेको र यिनीहरूको सख्या दिनहु बढीरहेको हुनाले यसले भोलि विकराल रूप लिन सक्ने सम्भावना अत्यधिक भएकोले यिनीहरूको तथ्य पत्ता लगाउन ठोस आधार नभएको र यस सम्बन्धमा अध्ययन अनुसन्धान गर्न आवश्यक देखेको हुनाले बुटवल वरिपरि रहेका सडक बालबालिकाहरूको सामाजिक, पारिवारिक तथा आर्थिक अवस्थाको बारेमा यो अध्ययन गरिएको छ ।

नेपालको सर्न्दभमा विशेषगरी दुई प्रकारका बालबालिका सडकमा आश्रित रहने गरेको पाइन्छ । पूर्ण रूपमै सडकमा बस्ने, काम गर्ने, अनि सडकमै सुत्ने एक प्रकारका सडक बालबालिका हुन भने कमाइका लागि मात्र सडकमा आउने तर बस्न र सुत्नका लागि आफ्ना अभिभावक (अन्य संरक्षक पनि) भएको ठाउमा जाने अर्को प्रकारको बालबालिकालाई सडक बालबालिकाका रूपमा लिएको पाइन्छ । (के.बा.क.स., २०६७)

यस अनुसन्धानमा दुवै प्रकारका बालबालिकाहरू नसमेटि वास्तविक सडकमा नै जीवन बिताउने आफ्नो जिविकोपार्जन आफै गर्ने सडक बालबालिकाहरूमा मात्र आधारित रहेको छ । जसले आफ्नो रातहरू सहरका पाटी, पौवा, मन्दिर, पेटी र खाली चौरहरूमा बिताउने विवश छन् ।

## १.२ समस्याको कथन

सडक बालबालिका आज हाम्रो देशमा प्रमुख चर्चाको विषयहरूमा पर्दछ । अझ खास गरी बालबालिकाहरूको समस्या बारेमा छलफल, गोष्ठी तथा भाषण हुँदा सडक बालबालिकाको प्रसङ्ग प्रशस्त जोडिएको हुन्छ । नेपालको सहरीकरणमा विकाससँगसँगै उत्पत्ति भएको सडक बालबालिका दिनप्रतिदिन बढ्दो क्रममा रहेको छ । प्रतिवर्ष करिब ७ सय बालबालिका सडकमा पलाएन भएका छन् । नेपालको विभिन्न सहरहरू काठमाण्डौं, बुटवल, पोखरा, विराटनगर, धरान, नारायणगढ आदिमा प्रशस्त मात्रामा सडक बालबालिकाहरू रहेको पाइन्छ ।

नेपालको बुटवल महानगरपालिकामा सडक, चोक, गल्लीहरूमा बेवारिसे अवस्थामा बालबालिकाहरू रहेका छन् । जसको सडकनै खेल्ने, खाने, सुत्ने आधार भएका छन् । केही सडक बालबालिकाहरू सडकमा फालेका प्लास्टिक, पुराना कपडा, फलाम, सिसी आदि संकलन गरी निश्चित ठाउँमा बेच्ने गर्दछन् भने केहीले पर्यटकसँग एक रूपैयाँ भनि माग्ने गर्दछन् । केही पाकेट मार्ने, साना-तिना चोरी गर्ने गर्दछन् । सडक बालबालिकाहरूलाई विभिन्न अमानवीय र अपराधिक कार्यमा प्रयोग गरिएको पाइन्छ भने कतिपय आफू खुशी पनि यस्ता अपराधिक कार्यमा लाग्ने गर्दछन् । १६ वर्ष नपुगी बाल्य अवस्थामा अपराध गर्नेलाई सजाय दिने खासै कानुन केही नभएकोले पनि यिनीहरू यस्ता कार्यमा अझ बढी अग्रसर हुने गर्दछन् जो एउटा समस्याको रूपमा रहेको छ । आम धारणा अनुसार गरिबीको कारण बालबालिका सडकमा आएका हुन् भन्ने रहेको छ । गहिरिएर हेर्दै जाँदा वास्तवमा बालबालिका सडकमा आउनुको कारण आमा बुबा अर्थात् अभिभावकहरूको दुर्व्यवहार, उचित रेखदेख र माया ममताको अभाव र बच्चाका साना गल्तीको गम्भीर खालका सजाय दिनु रहेको छ । यस्तै साथीको लहै लहैमा लागेर तथा सहर प्रतिको आकर्षणले पनि बालबालिकाहरू सडकमा आइपुग्छन् ।

यस अध्ययनमा निम्न समस्याहरूलाई केन्द्रित गरी अनुसन्धान गरिएको छ ।

(क) सडक बालबालिकाको वर्तमान स्थिति के छ ?

(ख) के कति कारणले बालबालिकाहरू सडकमा बास बस्न बाध्य छन् ?

(ग) सडक बालबालिकाहरूको पारिवारिक पृष्ठभुमी कस्तो छ ?

त्यस्तै सडकमा आइसकेका बालबालिकाहरूका पनि विभिन्न समस्या रहेका छन् । प्राकृतिक स्वरूप (जाडो, वर्षा), पिट्ने, यौन शोषण आदि समस्याले सडक बालबालिकाहरू साह्रै पीडित छन् । दिनानु दिन बढ्दै गरेका सडक बालबालिकाहरूको संगठनात्मक विकास भएको पाइन्छ । उनीहरूको दिनभरि एक्लाएक्लै हिडे पनि रातको समयमा केही साथीहरू जम्मा भएर एकै स्थानमा सुत्ने गरेको देखिन्छ । यसैले बालबालिका दिनहुँ बृद्धि हुँदै जाने हो भने देशको लागि यो एक जटिल र विकराल समस्या भएर अगाडि आउने गर्दछ । त्यसैले सडक बालबालिकाहरूको विविध समस्याहरूको पहिचान गर्न खोजिएको छ ।

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि अध्ययनको केही उद्देश्यहरू रहेको हुन्छ । बुटवल महानगरपालिकाको सडक बालबालिकाहरूको जीवनसँग सम्बन्धित निम्न समस्याहरू पहिचान गर्ने उद्देश्यले यो अध्ययन गर्न लागिएको हो । यस अध्ययनको प्रमुख उद्देश्य निम्न प्रकारका रहेका छन् ।

(१) सडक बालबालिकाको सामाजिक, आर्थिक, पारिवारिक अवस्थाको अध्ययन गर्न

(२) सडक बालबालिकालाई परेको समस्याको विश्लेषण गर्न

(३) बालबालिकाहरू सडकमा आउनको कारण थाहा पाउन

## १.४ अध्ययनको महत्त्व

सडक बालबालिकाको अध्ययन अनुसन्धान एकातर्फ आफैमा महत्त्वपूर्ण छ भने अर्कोतर्फ यस समस्यालाई चिनाउन सीमिति भए पनि थप योगदान पुग्नेछ । साथै यस अध्ययनले सडक बालबालिकाहरूको समस्या तथा उनीहरूको भविष्यप्रतिको दृष्टिकोणलाई विश्लेषण गरेको छ । यसबाट नीति निर्माण, योजनाकार तथा समाज सेवामा संलग्न विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरूलाई उचित नीति तथा रणनीति बनाउन सहयोग पुग्ने विश्वास लिइएको छ । यसका अतिरिक्त यस अध्ययनले भविष्यमा यस क्षेत्रमा अध्ययन अनुसन्धान गर्न चाहने व्यक्तिहरूलाई एउटा थप आधार जुटाई दिएको छ भन्ने विश्वास लिइएको छ ।

### १.५ अध्ययनको संगठन

यस अध्ययनलाई आठ अध्यायहरूमा विभाजन गरिएको छ । पहिलो अध्यायमा अध्ययनको पृष्ठभूमि, अध्ययनको उद्देश्य, अध्ययनको महत्त्व रहेका छन् । दोस्रो अध्यायमा पूर्व साहित्यको समीक्षा प्रस्तुत गरिएको छ । तेस्रो अध्यायमा अनुसन्धान विधि र चौथो अध्यायमा सडक बालबालिकाहरूको सामाजिक अवस्थाको विश्लेषण गरिएको छ । त्यसै गरी पाचौ अध्यायमा आर्थिक अवस्था र छैठौ अध्यायमा वर्तमान अवस्थाको विश्लेषण गरिएको छ । सातौ अध्यायमा सडक बालबालिकाहरूको समस्या र सडक बालबालिका बन्नुका कारण विश्लेषण गरिएको छ र आठौ अध्यायमा साराशं र निश्कर्ष प्रस्तुत गरिएको छ ।

# अध्याय : दुई

## पूर्व साहित्यको समीक्षा

सन्दर्भ सामाग्रीको पूनरावलोकन हरेक अध्ययनको महत्त्वपूर्ण भाग हो । वैज्ञानिक अनुसन्धान पद्धतिद्वारा गरिएको अध्ययनले सत्य तथ्य र अनुसन्धानको मूल उद्देश्यलाई बाहिर ल्याउन सकिन्छ । त्यसैले यो शोधपत्र तयार पार्ने क्रममा पनि सन्दर्भ सामाग्रीको पूनरावलेकन गरिएको छ ।

बालबालिका सम्बन्धी विश्वव्यापी एवम राष्ट्रिय घोषणा सन् १९२३ मा बालबचाउ अन्तराष्ट्रिय युनियनले बालअधिकार घोषणा पत्रलाई अगाडि सा¥यो जसलाई जेनेभा घोषणपत्र भनिन्छ । त्यसतैगरि १९२३ मा संयुक्त राष्ट्रको कार्यदललाई सहायता गर्न विभिन्न गैर सरकारी संस्थाहरू एवम समिति गठन भई महासन्धिको अन्तिम मस्यौदा महत्त्वपूर्ण योगदान ग¥यो । त्यसतैगरी नेपालमा सन १९८७ मा पहिलो पटक बालश्रम शोषण उन्मूलन गर्न र बालअधिकार सम्बन्धी अवधारणालाई कार्यान्वयन गर्न नेपाल बाल मजदूर सरोकार केन्द्रको स्थापना भई बालश्रम सम्बन्धी पहिलो प्रकाशन प्रारम्भ भएको पाइन्छ । सयुक्त राष्ट्र संघको बाल अधिकार सम्बन्धी महासन्धी १९८९ (वि.सं. २०४६) अनुमोदन पछि बालबालिकाको क्षेत्रमा कार्य गर्ने संघसंस्थाहरू बदर्द् गएको देखिन्छ । नेपाल सरकारले पनि बालबालिकाको अवस्था सुधार ल्याउनु पर्छ भन्ने मूल मर्मलाई आत्मसात गर्दै बालबालिका सम्बन्धी ऐन २०४८ सोको नियमावली २०५१, बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९ लागु गरेको छ । (के.बा.क.स, २०६७ )

नेपालको अन्तरिम संविधान २०६३ को धाराले बालबालिकाको हकलाई मौलिक हकको रूपमा स्थापित गरि संवैधानिक व्यवस्थाको प्रत्याभूति गरेको छ । उत्त धारा २२ को उपधारा (४) मा असहाय, अनाथ, द्वन्द्धपिडित, विस्थापित एवम "जोखिममा परेका सडक बालबालिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट विशेष सुविधा पाउने हक हुनेछ" भनि उल्लेख गरिएको छ । तर संयुत्त राष्ट्रसघंले बालअधिकार महासनंधि पारित गरेको र नेपालले उत्त महासनंधिमा हस्ताक्षर गरेको दुई दशक पार गरिसकेको छ । यस बीचमा सरकारी र गैर सरकारी दुबै क्षेत्रबाट बालअधिकार र बालविकासका निमित्त धेरै प्रयत्न नगरेका पनि होइनन् तर यथार्थ तस्विरलाई हेर्ने हो भने स्थिति नाजुक रहेको छ । यहाका धेरै बालबालिकाहरू शिक्षाबाट बञ्चित भई बालश्रम गर्न बाध्य भएका छन् । उनीहरूमा

रहेको अपार सिर्जनशील क्षमताको प्रस्फूटनले नै भोली सुन्दर नेपालको सपना साकार हुन्छ । यसका लागि चाहिने शिक्षा दिक्षा माया ममता पाउनुको सट्टा कतिपय बालबालिकाले फोहोरका थुप्राहरूमा आफ्ना अमूल्य बालापन गुमाउने परिस्थिती सृजना हुनु गम्भीर चिन्ताको विषय हो । (सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदशन, २०७२)

सन १९९० को दशकबाट सडक बालबालिकाको विविध सवालमा धेरै गैर सरकारी सस्थाहरूले आफ्नो योगदान बढाउदै आएको देखिन्छ । तथापी बढ्दो शहरीकरण र विकासको क्रमसगै शहरी क्षेत्रहरूमा सडक बालबालिकाको सख्या उल्लेख्य रूपमा पाइन्छ भन्ने समस्याको स्वरूप पनि फरक हुदै आएको पाइन्छ । गरीब, असहाय तथा लाचार बालबालिकाहरूको समस्यालाई केही सरकारी तथा गैर-सरकारी संघसस्थाहरूले आफनो कार्यक्रममा समावेश गरि काम गरिरहेको देखिएको छ ।

नेपालमा व्याप्त गरिबी, वेरोजगारी, अशिक्षा, चेतनाको कमी, घरेलु हिंसा र समाजमा व्याप्त विभिन्न कुरीति, कुसस्कार जस्ता कारणले गर्दा बालबालिका आफ्नो परिवार छोडेर सडकमा आउने र त्यही बस्ने गरेको पाइएको छ । (बाल संरक्षण तालिम निर्देशिका, के.बा.क.स २०६७)

**सडक बालबालिकाहरूको क्षेत्रमा कार्यरत संस्थाहरू**

विगत लामो समयदेखि सडक बालबालिकाको उद्धार पुनर्स्थापना तथा पुनर्मिलन सम्बन्धी कार्यमा विभिन्न संस्थाहरूले काम गर्दै आईरहेका छन् । कुनै संस्थाहरूले निरन्तर रूपमा काम गर्दै आएको र केही संस्थाहरूले निश्चित परियोजना अवधिसम्म कार्यक्रम सञ्चालन गरी बन्द गरिएको पाइन्छ । कतिपय संस्थाहरूले सम्पर्क केन्द्र, सामाजिकीकरण केन्द्र जस्ता अस्थाई प्रकृतिका केन्द्रहरू सञ्चालन गरी सडक बालबलिकालाई संरक्षण प्रदान गर्दै आईरहेका छन् ।

सर्म्पक गृह- सडकबाट उद्दार गरी ल्याइएका बालबालिकालाई अधिकतम तीन महिनासम्म सर्म्पक गृहमा राखिने छ । यस्ता गृहको प्रमुख दायित्व उनीहरूको मनोसामाजिक अवस्था, सडक जिवनमा अपनाएका व्यवहार विशेष गरी धुम्रपान तथा मध्यपान सेवन लागुऔषधको लत तथा अन्य कुनै हानिकारक व्यवहार छुटाउने कार्य गरिनेछ । यसको मूल उद्देश्य उपयुत्त

वातावरण प्रदान गरि सडकमा फर्कनबाट रोक्ने, उद्दार गरिएका बालबालिका तथा उनीहरूको परिवारको सूचना संकलन गर्ने रहेको छ ।

सामाजिकीकरण केन्द्र- सर्म्पक गृहबाट सिफारिस भइ आएका सडक बालबालिकालाई सामान्यता बढीमा १८ महिनासम्म सामाजिकीकरण केन्द्रमा राख्न सकिनेछ । यस अवधिमा बालबालिकाको सामाजिक पुर्नस्थापना तथा पुर्नएकीकरण सहितको सामाजिकीकरण केन्द्रबाट वर्हिगमन हुने लक्ष्य अनुरूप कार्य गर्ने रहेको छ ।

सस्थाले संचालन गरेका कार्यक्रमको प्रकृति यस प्रकार रहेको छ-

(क) सडक बालबालिकाको पहिचान तथा उद्दार
(ख) ड्रप इन सेन्टर
(ग) सामाजिकीकरण
(घ) परिवार पहिचान, पुर्नस्थापन तथा पुर्नएकीकरण र परिवार सहयोग एवमं विकास
(ङ) आर्थिक सुधार, सचेतना र रोकथाम
(च) सीप विकास कार्यक्रम

नेपाल बाल मजदुर सरोकार केन्द्र (सिविन)– नेपालको पहिलो बाल अधिकारवादी संस्था हो । यसको स्थापना सन् १९८७ जनवरी १ मा भएको हो । बाल अधिकारको संरक्षण र प्रवर्दन गर्न र सचेतना जगाउन, कठिन परिस्थितिका बालबालिकाको अधिकार र हित संरक्षण गर्ने सिविनका आधारभूत कार्य हो ।

हाल सिविनले सचालन गदै आएका सामूदायिक कार्यक्रमहरूमा मूलत हेल्पलाईन सेवा, सामाजिकीकरण सेवाहरू, सडक बालबालिकाका लागि रात्री बासस्थान, कठिन परिस्थितिका बालबालिकाहरूका लागि आवधिक गृहहरू, स्वास्थ्य केन्द्र तथा परामर्श सेवा, गोंगबु बसपार्क स्थित गाउँ र शहर बीच आवत जावत गर्ने बालबालिकाहरूका लागि सर्म्पक केन्द्र शैक्षिक सहायता कार्यक्रम रहेका छन् ।

२) सुविधा विहिन बालबालिकाको लागि शैक्षिक कार्यक्रम – यो कार्यक्रम पहिला डेनमार्क सरकारको सहयोगबाट संचालित थियो तर हाल आएर यो निजी स्रोतबाट संचालित छ । यसले खास गरी जेलमा आश्रित बच्चाहरूलाई र बाल अपराधीहरूलाई संरक्षण प्रदान गर्दै आएको छ । यस अन्तरगत बाल सुधार गृह रहेको छ । यसबाट हाल २६ जना बालबालिकाहरूलाई अनौपचारिक शिक्षा प्रदान गरिएको छ।

३) जोखिममा परेका बालबालिकाहरूको लागि मिलीजली समूह– जोखिममा परेका बालबालिकाहरूको अवस्था सुधार गर्न र उनीहरूको कल्याण तथा विकास तर्फ योगदान दिन ईच्छुक व्यति लगाएत यस्ता जोखिममा परेका बालबालिकाको चासो लिन १३ वटा गैर-सरकारी संगठनहरू मिलेर बनेको यो एउटा नेतृत्वदायि सस्था हो । यो नेटर्वकले जोखिममा परेका अनाथ बालबालिकाहरू जस्तै-सडक बालबालिका, बालमजदुर, वेश्यावृतिमा लागेका र बेचिएका तथा कारागारमा रहेका बालबालिकाहरू सम्बन्धी कार्यहरू गर्दै आएको छ ।

४) असहाय बालबालिका विकास कार्यक्रम– यस सस्थाको स्थापना २०५१ सालमा भएको हो । संरक्षण र हेरचाह नपाई जोखिमपुर्ण अवस्थामा कष्टप्रद जीवन बाच्न विवश भएका फुटपाथे बालबालिकाहरूलाई निशुल्क शिक्षा प्रदान गरी सही मागदर्शन गराउने उद्देश्य यस संस्थाको रहेको छ । यस संस्थामा हाल ८ वर्ष देखि १४ वर्ष सम्मका करिब १५० जना असहाय बालबालिकाहरू अध्ययन गर्दछन् ।

यस अध्यायमा सडक बालबालिका सम्बन्धी प्रकाशित लेख, पुस्तक तथा सोधपत्रहरूको अध्ययन गरी समीक्षा गरिएको छ । पूर्व प्रकाशित साहित्यको अध्ययन गरी समीक्षा गर्ने क्रममा तीन खण्डमा विभाजन गरिएको छ ।

१) विदेशी साहित्यको समीक्षा

२) नेपाली साहित्यको समीक्षा

३) नेपाली पत्रपत्रिका, लेखहरूको समीक्षा

## १. विदेशी साहित्यको समीक्षा

Lewis Aptcker (1998) ले Columbia का मध्यमवर्गका मानिसहरू र सडक बालबालिकाहरूबीच रहेको सम्बन्धको व्याख्या गरेका छन् । सडक बालबालिकाहरूलाई मानिसहरूले व्यक्तिगत फाइदाको लागि प्रयोग गरेको तथ्य पनि उजागर गरेका छन् । ठूला सडक बालबालिकाले साना बालबालिकालाई सुरक्षा दिएको उल्लेख गर्दछन् । ठूला बालकहरूले साना बालबालिकाहरूलाई माग्न र सामान बेच्न लगाउँछन् किनभने मानिसहरूले साना बालबालिकाहरूप्रति सहानुभूति देखाउँछन् ।

Angeli Susanna (1986) ले विभिन्न देशहरूका दुखान्त घटना भोगेका सडक बालबालिकाहरूको प्रतिवेदन तयार गरेकी छिन् । ती सहरका सडक बालबालिका फोहरका

थुप्राहरूमा घुमी खेली रहेको उल्लेख गरेकी छिन् । यस लेखमा ती बालकहरूले सडकको प्रारम्भिक अवस्थामा भोग्न परेको हृदय विदारक घटनाहरू तथा उनीहरूको जीवन पद्धति बारेमा व्याख्या गरिएको छ । सडक बालबालिकाहरूले आर्थिक आम्दानी गर्न पुनः उपयोगमा आउने वस्तुहरू जम्मा गरी बेचबिखन गर्दछन् । उनीहरूको सामाजिक संरचना, भोगको घटनाहरूको बारेमा र परिवारसँगको तालमेल बारेमा पनि प्रष्टाइएको छ । उनीहरूको कसरी गास, बास र पुर्नस्थापनाको कार्यहरू भएका छन् त्यसको बारेमा पनि लेखिएको छ ।

भारतको UNESCO (2001) द्वारा सडक तथा काम गर्ने बालबालिकालाई दिइने शिक्षाको पद्धति तथा विधिहरूको वर्णन गरिएको छ । यस अनुसन्धानमा सडक बालबालिकालाई चालु बस मार्फत शिक्षा दिने, सहरका चोकहरूमा नै जम्मा गरेर पढाउने गरेको पाइन्छ । यस अनुसन्धानमा भारतका मुख्य मुख्य शहरमा रहेका लोकल संस्थाबाट तथ्याङ्क लिइएको छ । जसले सडक बालक तथा काम गर्ने बालकहरूसँग सम्बन्धित भएर काम गर्दछन् । सडक बालबालिकाहरूलाई सीपमूलक कार्यहरू सिकाएको पाइन्छ ।

## २. नेपाली साहित्यको समीक्षा

UNICEF-(1996), नेपाल भरिका सडक बालबालिकाहरूको अनुसन्धान युनिसेफ ले गरेको छ । यस कार्य गर्दा विभिन्न स्थानीय संस्थालाई साथमा लिएर अनुसन्धान गरेको पाइन्छ । प्रत्येक विकास क्षेत्रका सडक बालकहरूलाई अलग-अलग भागमा छुटाएर अनुसन्धान गरिएको छ ।

नारायणी मानन्धरद्वारा काठमाडौंका सडक बालबालिकाको अनुसन्धान गरिएको छ । उहाँले सडक बालकहरूको वृद्धि तथा गरिबीको बीचमा रहेका सह-सम्बन्धमा प्रष्टाउनु भएको छ । सडक बालकहरूले दिनको ५ देखि ८ घण्टासम्म काम गरी आफ्नो परिवार भएको स्थानमा फर्कन्छन् । बालकको काम सम्बन्धी बैधानिक प्रावधान असफल भएको भनी उल्लेख गर्नु भएको छ । जसले गर्दा प्रभावकारी रूपमा उनीहरूको समस्या समाधान गर्न गाह्रो भएको जानकारी पाइन्छ ।

गौरी प्रधानले काठमाण्डौ सडकका खाते बालबालिका सम्बन्धी अनुसन्धान गर्नु भएको छ । उनीहरू समाजबाट अत्यधिक अपहेलित समूहमा पर्दछन् । उनीहरूको जन्मस्थान, उमेर, जातीयता, परिवारको विवरण, शिक्षा र दैनिक आम्दानीको बारेमा प्रष्टाउनु भएको छ ।

सडक बालबालिका समस्या समाधान गर्न ठूलो कार्यक्रम नबनाई स-साना कार्यद्वारा पनि सेवा पुऱ्याउन सकिन्छ भनी जानकारी गराउनु भएको छ।

### ३. नेपाली पत्रपत्रिका लेखहरूको समीक्षा

सडक बालबालिका सम्बन्धी पत्रपत्रिकामा लेख रचना आदिलाई अध्ययन गरिएको छ। अध्ययनको निष्कर्षलाई विभिन्न पक्षमा छुटाइ राखिएको छ।

### क) सामिाजिक पक्षको अध्ययन

बाल सरोकार (२०४७) को लेखमा बालबालिका सडकमा आउने सामाजिक कारण उल्लेख गरिएको छ। टुहुरो भएर, सौतेनी आमाको दुरव्यवहार, अनैतिक ढंगबाट बच्चा जन्माउनाले, परिवारमा आन्तरिक कलह हुनाले, बाबु आमाबीच पारपाचुके हुनाले आदि कारणले गर्दा सडकमा बालबालिकाहरू आउन विवश भएका हुन भनिएको छ।

### ख) आर्थिक पक्षको अध्ययन

शरण बहादुर तामाङका अनुसार बालबालिका सडकमा आउनुका पछाडि आर्थिक कारण पनि रहेको छ। किनभने कोही बालकहरू अरूले बिताएको विलासी जीवनको अनुशरण गर्न रूचाउँछन्। जसले गर्दा उसका ती आवश्यकतालाई पूरा गर्न शहर आइपुग्छन्।

हिमालय टाईम्सका लेख अनुसार, दिनभरी एक रिक्शा जति कवाड जम्मा गरेर साहुकहाँ पुऱ्याइ दिन्छौ । त्यसबाट हामीलाई बस्न खान पुग्दछ भनि बुटवलका दुई सडक बालबालिकाको व्यथा लेखिएको छ । ती बालकहरूलाई संरक्षण दिने र राख्ने संस्थाको बारेमा जानकारी भएको तर उनीहरू त्यहाँ जान नचाहने जनाउँदछन् किनभने त्यहाँ बसेपछि खुल्ला रूपले हिड्न पाइदैन भनी यस लेखमा उल्लेख गरिएको छ।

# अध्याय : तिन

# अनुसन्धान विधि

## ३.१ अध्ययन क्षेत्र छनोटको आधार

यस शोधपत्रको अध्ययन क्षेत्र बुटवल महानगरपालिकालाई लिईएको छ । पश्चिमाञ्चल विकास क्षेत्र, लुम्बिनी अञ्चल रूपन्देही जिल्लामा पर्ने २ नगरपालिका मध्य यो अध्ययन क्षेत्र बुटवल महानगरपलिकालाई लिईएको छ । यसको स्थापना २०१६/१/१३ मा भएको हो । यस नगरपालिकाको पूर्वमा देवदह, पश्चिममा सेमलार, दक्षिणमा शंकरनगर र उत्तरमा पाल्पाको दोभान रहेको छ । यसको क्षेत्रफल ७१९५३ हेक्टर रहेको छ । जसमा २०० हे. बजार क्षेत्र, २५० हे. बसोवास क्षेत्र, ९०० हे. कृषि क्षेत्र, ५५६७ हे. वन क्षेत्र र १०५३ हे. मा अन्य रहेको छ । बुटवल महानगरपालिकाको कूल जनसख्या ७१३८४ रहेका छन् जस मध्य पुरुष ३८७१ र महिला ३६६७२ रहेका छन् । (बुटवल नगरपालिका रिपोर्ट, २०७१)

यो अध्ययनको लागि विभिन्न विधिहरू अपनाइएको छ । अध्ययनको उद्देश्य हासिल गर्न र व्यवस्थित अध्ययन गर्न विभिन्न प्रक्रिया वा विधिद्वारा सडक बालबालिकाहरूद्वारा लुकेका तथ्य र वास्तविकता पत्ता लगाउन अध्ययनका लागि यस क्षेत्रलाई छनोट गरिएको छ । बुटवल महानगरपालिका पश्चिमी विकास क्षेत्रमा रहेको एउटा ठूलो सहर हो । यस शहरमा सडक बालबालिकाको संख्या दिनप्रतिदिन बढ्दो छ । त्यसैले बुटवल नगरपालिका अध्ययनको लागि चयन गरिएको छ । बुटवलको मुख्य कवाडी स्थल र राजमार्ग रोडतर्फ केन्द्रित यस अध्ययन विशेष गरी गोलपार्क, ट्राफिकचोक, हाटबजार, दिपनगर, कालिकानगर, फूलबारीमा रहेको छ ।

## ३.२ विषय छनोट

सडक बालबालिकाको समस्या आज सबैका सामु एउटा जटिल समस्याको रूपमा रहेको छ । सडक बालबालिकाहरू आधारभूत मानव अधिकारबाट बन्चित रहेका छन् । बाल अधिकार सम्बन्धी महासन्धीमा उल्लेखित यिनीहरूका अधिकारहरू कागजी खोष्टा बाहेक केही हुन सकेका छैनन् । यस क्षेत्रमा कार्यरत विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरूले सडक बालबालिकाहरूको समस्या निराकरणका निमित्त विभिन्न प्रयासहरू गरेता

पनि यसबाट मुक्ति मिल्न सकेको छैन । देशका भोलिका मजबुत खम्बाहरू जसको हातमा सिंगो देशको भविष्य अडेको छ त्यही बालबालिकाहरूको आज यो अवस्था रहेको छ । यसतर्फ हामी सबैले सोच्नु जरूरी भैसकेको छ । यसर्थ यस विषयमा अध्ययन गर्न हौसला बढेकोले यो विषय अध्ययनका लागि छानिएको छ ।

## ३.३ अनुसन्धानको ढाँचा

यो शोधपत्र वर्णानात्मक अनुसन्धानमा आधारित रहेको छ । यसले वास्तबिक तथ्याङ्कलाई वर्णनात्मक विवरणमा प्रस्तुत गरेको छ । सडक बालबालिकाको वास्तविक संख्या के कति छ भन्ने कुरा हालसम्म यकीन छैन । सडक बालबलिकाको सामाजिक, आर्थिक अवस्थाको बारेमा विस्तृत अध्ययन हालसम्म भएको देखिदैन । सडक बालबालिकाहरूको मागेर आफ्नो गुजारा गर्ने स्थल धार्मिक, पर्यटकिय क्षेत्रहरू विभिन्न मठ मन्दिर, पाटी, पार्क, सिनेमा घर तथा सडक पेटी मुख्य रहेका छन् । यस अध्ययनमा बुटवल महानगरपालिका क्षेत्रका सडक बालबालिकाहरूका सामाजिक, आर्थिक अवस्थाहरूको बारेमा अन्वेषनात्मक अनुसन्धान गरिएको छ । अन्वेषनात्मक अनुसन्धानबाट प्राप्त हुन आएका विभिन्न तथ्य कुराहरूलाई व्यख्या र विश्लेषण गरिएको छ । साथै प्रथमिक तथ्याङ्कको आधारमा सडक बालबालिकाको स्थिति के कस्तो छ सोको गहन अध्यायन गरिएको छ । संकलित प्राप्त तथ्याङ्कबाट निष्कर्ष निकाल्ने प्रयास गरिएको छ ।

## ३.४ अध्ययनको इकाई र नमुना छनोट

यस शोधपत्र बुटवल नगरपालिकाको सडक बालबालिकाहरूको सामाजिक तथा आर्थिक अवस्थाको अध्ययनमा सिमित छ । बुटवल नगरपालिका क्षेत्र भित्रका विभिन्न स्थानमा बस्ने सडक बालबालिकाहरूको सख्या कति छ भनेर किटानसाथ ठम्याउन सकिएको छैन । सडक बालबालिकाहरूको तथ्याङ्कको खास आधार नभएको हुनाले र आज देखिएका वा भेटिएका सडक बालबालिका भोली त्यो ठाउँमा नदेखिने हुदा तथ्याङ्क कहाबाट के कसरी लिने भन्ने समस्या आईपर्छ । भरसक सडक बालबालिकालाई अलग अलग भेटेर सोधपुछ गरि वास्तविकता जान्ने प्रयास गरिएको छ । ६ वर्ष देखि १४ वर्षसम्मका अध्ययन क्षेत्रका बालबालिकालाई अध्ययनको समग्र मानिएको छ । अध्ययन क्षेत्रबाट जम्मा ३० जना सडक बालबालिकाबाट तथ्याङ्क संकलन गरिएको छ । ती ३० जना सडक बालबालिकाबाट यो अध्ययन कार्य सम्पन्न गरिएको छ ।

### ३.५ तथ्याङ्क संकलनका स्रोतहरू र विधिहरू

कुनै पनि अध्यायन अनुसन्धान कार्यमा तथ्याङ्क संकलन विधिको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । अनुसन्धानको शिलशिलामा तथ्याङ्क संकलन गर्दा के कस्ता विधिहरूको प्रयोग गरिने हो ती कुराको उल्लेख गर्नु पर्दछ । अध्ययनलाई पूर्णता दिनका लागि सूचिमा परेका सडक बालबालिकाहरूसंग बढि भन्दा बढि जानकारी लिनको विभिन्न प्रक्रिया अवलम्बन गरिएका छन् जसलाई तल उल्लेख गरिएको छ –्

#### १. प्राथमिक तथ्याङ्क

प्राथमिक तथ्याङ्क संकलनका विधिहरू यस प्रकार रहेका छन् –

#### १.१ अन्तरवार्ता

अध्यायनको क्रममा यी सडक बालबालिकाहरूको सामाजिक आर्थिक अवस्थाका बारेमा अग्रिम प्रश्नहरूको सूची बनाई आवश्यकता र सान्दर्भिक प्रश्नहरूद्वारा उनीहरूसँग अन्तरवार्ता लिइएको छ ।

#### १.२. क्षेत्र अवलोकन

सडक बालबालिकाहरूद्वारा लुकाएका कुरा वा थाहा नभएका विभिन्न अन्य गतिविधिहरू क्षेत्र अवलोकन (field observation) को माध्यायम बाट सजिलो हुन पुग्दछ । जस्तो कि सडक बालबालिकाहरूको बानी व्यहोरा,चालचलन एकअर्का प्रतिको व्यवहार र खाने, सुत्ने तथा बस्ने आनिबानिको जानकरी अवलोकन विधिबाट थाहा हुने भएकोले यस अध्ययनमा अवलोकन विधिलाई विशेष महत्त्व दिईएको छ ।

#### २. द्वितिय तथ्याङ्क

यस अध्यायनमा बिषयसंग सम्बन्धित विभिन्न समयमा प्रकाशित लेख, रचना, पुस्तक, शोधपत्रहरू, सरकारी तथा गैरसरकारी संघ संस्थाहरू समय समयमा प्रकाशित हुने महत्त्वपूर्ण प्रकाशनहरूलाई द्वितिय तथ्याङ्कको रूपमा प्रयोग गरिएको छ ।

### ३.६ तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण

अध्यायन अनुसन्धानको सफलता संकलन गरिएको तथ्याङ्कहरूको प्रभावकारी विश्लेषण तथा प्रस्तुतिकरणमा भर पर्दछ । अध्ययनको क्रममा पटक पटक अध्ययन क्षेत्र, केन्द्रीय तथ्याङ्क विभाग र अन्य सम्बन्धित क्षेत्रमा गएर तथ्याङ्क संकलन कार्य गरियो । ती संकलन गरेको

तथ्याङ्कलाई अन्त्यमा विभिन्न शिर्षकमा छुट्याई वर्गिकरण गरि आवश्यकता अनुसार तालिका बनाई विश्लेषण गरिएको छ । यसरी तथ्याङ्कको प्रयोग गरि सामान्य गणितिय सूत्रको प्रयोग गरि सामान्य प्रतिशत निकाली तिनै प्रतिशतलाई विश्लेषणको आधार बनाइएको छ ।

## ३.७ अध्यायनको सीमा

यो अध्ययनले समय, साधन र स्रोतको अभावका कारण बुटवल महागरपालिका क्षेत्र वरपर रहेका सडक बालबालिकाहरूलाई मात्र समेटिएको छ । यस अध्ययनमा ६ वर्षदेखि १४ वर्षसम्मका बुटवल वरपर क्षेत्रका सडक बालबालिकालाई मात्र समावेश गरिएको छ । यस अध्ययनले बुटवल नगरपालिकाको सम्पूर्ण सडक बालबालिकाको प्रतिनिधित्व गर्न सकेको छैन । त्यस्तै कुनै संघ संस्था वा निकायबाट राहत वा आर्थिक सहायता पाउने सडक बालबालिकाहरूलाई अध्यायनमा समाबेश गरिएको छैन । समय र साधनको सिमितताले गर्दा धेरै सडक बालिकाहरूलाई अन्तरवार्ता लिन सकिएन । तापनि जति लिएको नमूना छ त्यसको आधारबाट चाहिए जस्तो जानकारी आउने विश्वास गरिएको छ ।

# अध्याय : चार

## सडक बालबालिकाहरूको सामाजिक अवस्थाको विश्लेषण

बालबालिका भनेका देशका भविष्य र भावी समाजका कर्णधार हुन । बालबालिकाको विकास बिना राष्ट्रको विकासको कल्पना गर्न सकिदैन । त्यसैले बालबालिकाको सुरक्षा, संरक्षण, सर्वाङ्गीण व्यक्तित्व विकासको व्यवस्था गर्नु हरेक राष्ट्रको दायित्व हुन आउँछ । गरिवी, अशिक्षा, पछौटेपनले हाम्रा बालबालिकाको स्थितिलाई दयनीय बनाएको छ । स्वच्छ खानेपानी, स्वच्छ वातावरण, पोषणयुक्त भोजन,उचित शिक्षा, स्वास्थ सेवा आदिको अभावले हाम्रो अधिकांश बालबालिका ग्रसित छन् । घरपरिवारको नराम्रो वातावरण, गरिबी, असहाय, टुहुरा आदिको कारणले कैयौं बालबालिका आज सडकमा आउन बाध्य भएका छन् । बाच्नका लागि खाना आवश्यक भएकोले अरूका सामु हात पसार्न विवश छन् । कुनै पनि व्यक्तिको व्यत्तित्व  विकासमा सामाजिक पृष्ठभूमिले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । उ कस्तो किसिमको सामाजिक परिवेशमा जन्मेको हो ? उसले के कस्ता सामाजिकीकरणका कुराहरू सिकेको छ ? उसले सिकेका सामाजिक पृष्ठभूमिले उसको जीवनमा के कसरी प्रभाव पारेको छ ? भन्ने तथ्यहरू निकै महत्त्वपूर्ण छन् । सडकपेटीमा डुली हिड्ने कवाडी टिपी हिड्ने सडकलाई नै आफ्नो घर मान्ने बालबालिकाहरू सामाजिक मूल्य मान्यता र नियन्त्रण भन्दा बाहिर हुन्छन् । यिनीहरू स्वतन्त्र र आफू खुशी हुन्छन् । कसैको दवाबमा आउन चहादैनन् । यिनीहरू विविध कारणले घर छाडेर सडकमा आईपुगेका हुन्छन् । सबै बालबालिका घरको आर्थिक, सामाजिक, अवस्था नराम्रो भएर मात्र आएका हुदैनन् । कतिपय कुसंस्कार पाएर, कतिपय सम्पन्न हुदा हुदै पनि साथीभाईको संगतमा लागेर, घरको पारिवारिक कलहका कारणले पनि आएका हुन्छन् । कतिपय बालबालिका कुनै घरमा काम गर्दा दुर्व्यवहार भएपछि सडकमा आइपुग्छन् भने कतिपय शोषित, पिडित भएर आएका हुन्छन् । तसर्थ यस्ता बालबालिकाहरूको वास्तविकता बुरुन उनीहरूको आर्थिक तथा सामाजिक पक्ष केलाउन आवश्यक हुन्छ । उनीहरू सडकमा आउनुको मुख्य कारण आर्थिक एवंम सामाजिक स्थितिलाई मानेर त्यसको विस्तृत अध्ययन यहाँ प्रस्तुत गरिएको छ ।

## ४.१ जनसंख्याको विवरण

यस अध्ययन क्षेत्रका सडक बालबालिकाहरूको जनसख्याको बनोट हेर्दा उनीहरूको जन्मस्थल कहा हो ? कुन कुन ठाउँबाट आएका हुन ? भनी जान्न खोज्दा सबैभन्दा बढी ३३.३३ प्रतिशत बालबालिका बुटवल वरिपरिका विभिन्न ठाउँबाट रहेको पाइएको छ भने सबैभन्दा कम पूर्वि तराईबाट आएको पाइएको छ ।

तालिका नं. - १

उत्तरदाताको जनसख्याको विवरण

| विकास क्षेत्र | सख्या | प्रतिशत |
|---|---|---|
| बुटवल वरिपरि | १० | ३३.३३ |
| पश्चिम पहाड | ६ | २० |
| पश्चिम तराई | ५ | १६.६७ |
| मध्य पश्चिम तराई | ३ | १० |
| पूर्वी तराई | १ | ३.३३ |
| जम्मा | ३० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथि दिइएको तालिकाबाट के देखिन्छ भने सबभन्दा बढी बुटवल वरिपरिको स्थानबाट आएको ३३.३३% सडक बालबालिका पाइयो, २०% पश्चिम पहाडबाट आएका छन् र १६.६७% पश्चिम तराईबाट आएका छन् । भने मध्य पश्चिम तराईबाट १०% आएका छन् भने पूर्वि तराईबाट ३.३३% आएको पाइयो । बुटवल वरिपरिबाट सबभन्दा बढी आउनुको कारण विश्लेषण गर्दा यहाको दुरी कम, आवतजावतको सुविधा बढी सजिलो, जो सुकैको पछि लागेर, भागेर एक्लै आउन सजिलो र साधन स्रोत कम लाग्ने गरेको पाइएको छ ।

## ४.२ जातिय विवरण

नेपाली समाज विभिन्न जात जातिको मिश्रित व्यवस्था हुनु यो समाजको विशेषता मान्नु पर्दछ भने तथ्याङ्क दृष्टिले अध्ययन गर्दा विभिन्न जात जातिहरू भन्दा क्षेत्री तथा ब्राम्हण जाति बहुसख्य रूपमा रहेको भएता पनि यस जातिका बालबालिकाहरू सडकमा कम हुनुको पछाडि जातिय श्रेष्ठता र व्यापारिक श्रेष्ठताको सम्पन्नताले यस्तो स्थिति रहेको हुनुपर्छ । यस्तै आर्थिक अवस्था कमजोर भएका कारण अन्य जाति भन्दा दलित जातिका

बालबालिकाको संख्या अलि बढि भएको पाइयो जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं.-२

उत्तरदाताको जातिगत विवरण

| विवरण | सख्या | प्रतिशत |
|---|---|---|
| ब्राम्हण | १ | ३.३३ |
| क्षेत्री | ३ | १० |
| मगर | २ | ६.६७ |
| गुरुङ्ग | १ | ३.३३ |
| चौधरी | ५ | १६.६७ |
| कुमाल | ३ | १० |
| पहाडी दलित जाति | ११ | ३६.६७ |
| मुशहर | ४ | १३.३३ |
| जम्मा | ३० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथिको तालिकामा देखाइए अनुसार अध्ययन क्षेत्रमा पाइएका सडक बालबालिकाहरूबाट उनीहरूको जातियता दर्शाउने क्रममा सबभन्दा बढी दलित जाति ११ जना अर्थात ३६.६७% पाइयो । त्यसतै ब्राम्हण ३.३३%, क्षेत्री १०%, मगर ६.६७%, गुरुङ्ग ३.३३%, चौधरी १६.६७%, कुमाल १०%, र मुशहर १३.३३% पाइएको तथ्याङ्क प्रस्तुत गरिएको छ ।

## ४.३ धार्मिक विवरण

नेपाली समाजमा बहुजातीय अस्तित्त्व भए जै यहा बहु धार्मिक प्रवृतिका बहुधर्मलम्वीहरू पनि रहेका छन् । परापूर्वकालदेखि मान्दै आएका धार्मिक क्रियाकलाप कायम रहेको र उनीहरू त्यही धर्मलाई अनुसरण गरी आ-आफ्नो क्षेत्रबाट सामाजिक संरचनालाई सुव्यवस्थित गरेको कुरा उदाहरणीय छ । यही सामाजिक संरचनामा हुर्केका सडक बालबालिका सडक जीवन यापनको क्रममा पनि आफु कुन धर्म मान्ने परिवारको हो भन्ने कुरालाई बिर्सन सकेका छैन भन्ने कुरा तलको तालिकाबाट प्रष्ट हुन जान्छ ।

तालिका नं. - ३

उत्तरदाताको धार्मिक विवरण

| विवरण | सख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | २१ | ७० |
| बौद्ध | ३ | १० |
| ईसाइ | ५ | १६.६७ |
| थाहा नभएको | १ | ३.३३ |
| जम्मा | ३० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथिको तालिका अनुसार सबभन्दा बढि हिन्दु धर्म मान्ने पविारबाट आएका बालबालिकाहरू ७०% रहेको पाइयो । त्यसै गरि बौद्ध धर्म मान्ने १०%, ईसाइ धर्म मान्ने १६.६७% र थाहा नभएको १ जना अर्थात ३.३३% रहेको छ ।

अध्ययन क्षेत्रमा पाइएको सडक बालबालिकाहरूको धर्म प्रवृतिलाई वर्किरण गर्ने क्रममा सबभन्दा बढि हिन्दू धर्म मान्ने देखिनुका मुख्य कारण नेपाल एक हिन्दु अधिराज्यको रूपमा चर्चित जहाँ हिन्दुहरूको बाहुल्यता रहेको छ र यही कुराको पुष्टि केन्द्रीय तथ्याङ्क विभागमा उल्लेख गरिएको छ । यही तथ्याङ्कको प्रत्यक्ष असर सडक बालबलिकामा पनि छ ।

## ४.४ उमेर तथा लैङ्गिक विवरण

यस अध्ययन क्षेत्रमा रहेका बालबालिकाहरू मध्य ५ वर्ष भन्दा माथिका बोल्न, हिडडुल गर्न र धेरै कुरा जानिसकेको पाइयो । यस्ता सडक बालबालिकाहरू आफूमा पूर्णत परिपक्क भएर जीवन बिताउन सक्ने अवस्थामा रहेको देखिन्छ । सडक बालबालिकाहरूको उमेर के कति रहेछ तथा लैङ्गिक वनावट के कस्तो रहेछ भनी जानकारी लिंदा निम्न बमोजिम तथ्यहरू पाइएको छ ।

तालिका नं. -४

उत्तरदाताको उमेर तथा लैगिंक बनावट

| उमेर (वर्ष) | केटा | केटी | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| ६-९ वर्ष सम्म | ५ | १ | ६ | २० |
| ९-१२ वर्ष सम्म | १२ | ३ | १५ | ५० |
| १२-१४ वर्ष सम्म | ८ | १ | ९ | ३० |
| जम्मा | २५ | ५ | ३० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथिको तालिका अनुसार सबैभन्दा बढी ९-१२ वर्षसम्म उमेरका केटाकेटी अर्थात ५०% प्रतिशत भएको पाइएको छ । यसको कारण विश्लेषण गर्दा यो उमेरका केटाकेटीहरू ज्यादै भड्किने, अरूको बहकावमा लाग्ने, राम्रो नराम्रो सोच्न नसक्ने, काम गरेर खान सक्ने भएको पाइयो । त्यसैगरी केटा भन्दा केटीको सख्या कम भएको कारणमा केटी मान्छे अलिक संकोच मान्ने, डराउने, असुरक्षित हुने हुनाले उनीहरूको सख्या कम भएको पाइयो ।

## ४.५ शैक्षिक विवरण

यस शिर्षक अर्न्तगत अध्ययन क्षेत्रमा सडक बालबालिकाहरू के कति साक्षर वा निरक्षर रहेका छन् भनी जान्न खोजिएको छ । साक्षर भन्नाले दैनिक जीवनमा प्रयोग हुने साधारण लेखपढ र अकं चिन्न लेख्न सक्नेलाई मानिन्छ । तलको तालिकामा यसको विवरण उल्लेख गरिएको छ ।

तालिका नं. - ५

उत्तरदाताको शैक्षिक विवरण

| विवरण | केटा | प्रतिशत | केटी | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| निरक्षर | १२ | ४८ | २ | ४० | १४ | ४६.६७ |
| साक्षर(औपचारिक) | ६ | २४ | १ | २० | ७ | २३.३३ |
| साक्षर (अनौपचारिक) | ७ | २८ | २ | ४० | ९ | ३० |
| जम्मा | २५ | १०० | ५ | १०० | ३० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

निरक्षर बालबालिकाहरूको जम्मा सख्या १४ जना अर्थात ४६.६७% रहेको छ भने साक्षर बालबालिकाको सख्या ७ जना अर्थात २२.३३% रहेको पाइयो । त्यसै गरी अनौपचारिक शिक्षा तर्फ ९जना अर्थात ३०% बालबालिका रहेका छन् । यसरी निरक्षर बालबालिका बढि देखिनुका कारण तिनीहरूमा ज्ञान तथा शिक्षा नपुगेको कारण सडक जीवन विताइरेका छन् ।

## ४.६ घरबारे विवरण

अध्ययन क्षेत्रका नमूनामा परेका बालबालिकाहरूसंग घरको विषयमा जानकारी लिदाँ अधिकाशंले घर छ भनेको पाइयो । त्यसलाई तलको तालिकाले प्रष्टयाएको छ ।

तालिका नं.- ६

वासस्थानको विवरण

| विवरण | सख्या | प्रतिशत |
|---|---|---|
| घर हुने | १४ | ४६.६७ % |
| घर नहुने | १० | ३३.३३ % |
| घरबारे थाहा नहुने | ६ | २० % |
| जम्मा | ३० | १०० % |

स्रोतः स्थलगत अध्ययन, २०७२

सडक बालबालिका मध्ये १४ जना अर्थात ४६.३७% ले आफ्नो घर भएको बताए घरै नभएको १० जना अर्थात ३३.३३% भनेका छन् । आफ्नो घर परिवार हुदाहुदै पनि यस पेशामा लागेको कारण विश्लेषण गर्दा घरको आर्थिक अवस्था कमजोर, सौतेनी आमाबावुको दुर्रव्यहार, घरायसी झगडा, घरमा अत्यधिक काम गर्न परेर, साथीहरूको लहैलहैमा लागेर यस पेशा समातेको कुरा अध्ययनबाट बुझिन आएको छ ।

## ४.७ सडक बालबालिकाले घर छाडनुको कारण

सडक बालबालिकाहरूसँग तिमीहरू के कती कारणले घर छाडेका हौ भनी प्रश्न गर्दा सबभन्दा बदी बालबालिकाले आर्थिक अवस्था कमजोर भएको कारणले आफू घर छाडेको बताएका छन् । यसलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. -७

उत्तरदाता घर छाडनुको कारण

| विवरण | सख्या | प्रतिशत |
|---|---|---|
| आर्थिक अवस्था कमजोर | १५ | ५० |
| सौतेनी बुवा-आमाको दुर्व्यवहार | ५ | १६.६७ |
| घरायसी झगडा | ३ | १० |
| घरमा अत्यधिक काम गर्न परेर | २ | ६.६७ |
| साथीहरूको लहै लहैमा लागेर | ३ | १० |
| अन्य | २ | ६.६७ |
| जम्मा | ३० | १०० |

स्रोत: स्थलगत अध्ययन, २०७२

सडक बालबालिकाहरूको आर्थिक अवस्था कमजोर, सौतेनी आमाबावुको दुर्व्यवहार, घरायसी झगडा, घरमा अत्यधिक काम गर्न परेर, साथीहरूको लहैलहैमा लागेर वा अन्य कारणले गर्दा बालबालिका आफूले घर छाडेको बताएका छन् । यस तालिकामा सबभन्दा धेरै १५ जना अर्थात ५०% बालबालिका आर्थिक अवस्था कमजोर भएका कारणले सडकमा आएका हुन । यसका अलावा कोही आफूखुशी घरबाट पैसा चोरेर भागेको र कोही बावुआमाले गाली गरेकोले घरबाट भागेर आएको बताएका छन् ।

## ४.८ घर जाने वा नजाने सम्बन्धी विवरण

सडक जीवनयापनको क्रममा बालबालिकाहरूको परिवारसंग सम्बन्ध निकै टाढा भइसकेको हुन्छ । उनीहरू मध्ये केहीले मात्र आशिंक रूपमा परिवारसँग सर्म्पक हुन्छ । उनीहरू कहिलेकाही आफन्त प्रतिको माया र स्नेहले भेट्न भनी मात्र जाने र पुनः सडक जीवनमा नै आफूलाई सिमित पार्न बढी रूचाएको पाइयो ।

तालिका नं. -८

उत्तरदाता घर जाने वा नजाने विवरण

| विवरण | सख्या | प्रतिशत |
| --- | --- | --- |
| वर्षमा एक/दुई पटक | ४ | १३.३३ |
| कहिलेकाहि | १५ | ५० |
| जादै नजाने | ११ | ३६.६७ |
| जम्मा | ३० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथिको तालिका अनुसार सबैभन्दा बढी घर नजाने ११ जना अर्थात ३६.६७% रहेको छ भने कहिलेकाही जाने भन्नेहरूको सख्या १५ जना अर्थात ५० प्रतिशत रहेको पाइएको छ । कहिलेकाही घर जान्छु भन्ने बालबालिकाहरूलाई किन जान्छौ भनी प्रश्न गर्दा आफ्नो घरका परिवारको सम्झना बढी आएको बताएका छन् भने घर जान्न भन्ने बालबालिकाहरूलाई किन घर नजाने भन्दा मलाई यही ठिक छ, घरबाट बुवाआमाले गालि गरेर भागेको र त्यहाबढी काम गर्न पर्छ भनेका छन् ।

## ४.९ पारिवारिक विवरण

बालबालिकाको लागि परिवार भनेको प्रथम पाठशाला हो । उनीहरूले पहिलो चरणको जति पनि ज्ञान, गुण र व्यवहारिक कुराहरू सिक्दछन् त्यो पारिवारिक वातावरणमा भर पर्दछ । यसरी उनीहरूलाई परिवारले व्यक्तित्व विकास गर्नमा सघाएका हुन्छन् । तर जसका पारिवारिक वातावरण नै उजाडिएको छ तथा दुख लाग्दो स्थितिबाट गुज्रिएको छ त्यस्तो परिवारमा हुर्केका बालबालिका पनि यत्रतत्र बरालिन जान्छ । उनीहरू आफूलाई स्वतन्त्र भएको पाउन जानी नजानी जुनसुकै बाटो रोज्न पुग्छन् । यसैको परिणाम आज हामी सडक बालबालिका पाउछौं । यही सडक बालबालिकाको पारिवारिक विवरणका बारेमा तलिकामा देखाइएको छ ।

तालिका नं. -९

उत्तरदाताको पारिवारिक विवरण

| विवरण | सख्या | प्रतिशत |
|---|---|---|
| सौतेनी आमा तथा बावु भएको | ७ | २३.३३ |
| आमा नभएको | ५ | १६.६७ |
| बावुआमा दुवै नभएको | ५ | १६.६७ |
| बावुआमा भएको | १० | ३३.३३ |
| कोही पनि नभएका | ३ | १० |
| जम्मा | ३० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

अध्ययनको क्रममा कसैले सौतेनी आमा तथा बावु भएको २३.३३%, आमा नभएको १६.६७%,कसैले आमाबावु दुबै नभएको १६.६७%, कसैले दुवै भएको ३३.३३%,कसैले कोही नभएको १०% रहेको बताए ।

यस तथ्याङ्कबाट के देखियो भने अधिकतम बालबालिकाको आमाबावु भएता पनि परिवारले छोरा छोरी प्रति राम्रो बिचार नपुऱ्याई दिनाले त्यसता परिवारहरूको पृष्ठभूमीमा हुर्केका बालबालिकाहरू पनि परिवारबाट पन्छिएर आफ्नै स्वविवेकमा जीवन बिताउन सडक जीवन रोज्न बाध्य भएका छन् । भने कतिपय परिवारमा सौतेनी आमा बावुको व्यवहारले पनि बालबलिकाको मनस्थितिलाई घरबार विहिन बनाउन अग्रसर भएको पाइयो ।

# अध्याय : पाँच

## सडक बालबालिकाको आर्थिक अवस्थाको विवरण

सडक बालबालिका भनेका हाम्रो सामाजिक जनजीवनबाटै विभिन्न दुःखद परिस्थितिको संघारमा रहेर सडक जीवन भोग्नु परेका बालबालिका हुन, उनीहरूको पनि पारिवारिक संरचना थियो । परिवारमा वस्दा उनीहरूका परिवारहरूका के कस्ता आर्थिक स्थिति रहेको थियो भन्ने कुराको अध्ययनमा के देखियो भने गरीब तथा खेतबारी नभएका नै बढी छन् । धेरैका पारिवारिक पक्ष केलाउदा मजदुरी गरेर जीविकोपार्जन गर्ने गरेका थिए । यही कुराको तथ्याङ्कगत विश्लेषणलाई विस्तृत रूपमा अध्ययन गरेका छौ ।

### ५.१ पारिवारिक पेशाको विवरण

सडक बालबालिकाको पारिवारीक आयश्रोतको अध्ययन गर्दा उनीहरूको परिवारसँग बस्दाको बेला उनीहरूलाई थाहा भएका कुराहरू तलको तालिकामा प्रष्ट पारिएको छ ।

तालिका नं. - १०

उत्तरदाताको पारिवारीक पेशा विवरण

| विवरण | सख्या | प्रतिशत |
|---|---|---|
| मजदुरी | १२ | ४० |
| कृषी | ६ | २० |
| नोकरी | ४ | १३.३३ |
| व्यापार | ३ | १० |
| अन्य | ५ | १६.६७ |
| जम्मा | ३० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

सडक बालबालिकाको पारिवारिक विवरणमा उनीहरूको परिवारको आयको मख्य श्रोत कुन हो भन्ने अध्ययन विवरणमा मजदुरी गरेर ४० प्रतिशत, कृषीमा २० प्रतिशत, नोकरी १३.३३ प्रतिशत, व्यापार १० प्रतिशत रहेका छन् । सडक बालबालिकाको पारिवारिक आयश्रोत हेर्दा बाबु आमाहरू मजदुरी गर्नेहरू बढि देखिन्छ भने कृषी कार्यमा लागेका पनि छन् र आफ्नो पारिवारिक आय श्रोतबारे राम्ररी ज्ञान नै नभएकाहरू पनि छन् ।

## ५.२ आर्थिक श्रोत जुटाउने क्रममा कामको प्रकृति

सडक जीवनयापन गर्ने क्रममा सडक बालबालिकाहरू आफ्नो दैनिक जीवन गुजाराको कमलाई निरन्तरता दिनको लागि उनीहरू सडकमा नै घुमफिर गरेर भएपनि आफ्नो आर्थिक श्रोत जुटाउदै आएका छन् । यसरी उनीहरू सडक वरिपरि नै फोहोरको थुप्रोमा गई प्लाष्टिकका सामान बटुल्ने तथा माग्ने कार्यहरू गर्ने गरेका छन् । जुन कुरा यस अध्ययन क्षेत्रको सर्वेक्षणले केलाउने प्रयास गरेको छ ।

तालिका नं. - ११

उत्तरदाताको काम प्रकृतिबारे विवरण

| विवरण | सख्या | प्रतिशत |
|---|---|---|
| प्लाष्टिक लगायत कवाडी सामान बटुल्ने | १४ | ४६.६७ |
| टुरिष्ट तथा अन्य मान्छेसंग माग्ने | ७ | २३.३३ |
| होटेलमा भाडा माज्ने | ६ | २० |
| गाडि सफा गर्ने | १ | ३.३३ |
| पत्रपत्रिका बाढ्ने | २ | ६.६७ |
| जम्मा | ३० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

सडक  बालबालिकाले सडक जीवनमा के काम गरी आफ्नो गुजरा गर्छन भन्ने अध्ययन विवरणमा प्लाष्टिक आदि( फलामको टुक्राहरू प्लाष्टिकबाट निर्मित सरसामानहरू) संकलन गर्ने ४६.६७%, मागेर खाने २३.३३%, होटेलमा भाडा माझ्ने २०%, गाडि सफा गर्ने ३.३३%,पत्रपत्रिका बाढ्ने ६.६७% रहेको पाइयो

यस अध्ययनबाट के देखिन्छ भने ४६.६७ प्रतिशतले प्लाष्टिक संकलन गर्नुका कारण यसलाई उनीहरूले सडक वरिपरि नै पाइने फोहोरको थुप्रोमा संकलन गर्न सक्ने, विक्री गर्न पनि निश्चित स्थान भएको र पैसा पनि तुरून्तै पाउने भएकोले पनि बढि बालबलिकाहरू यसै कार्यमा आकर्षित भएको देखिन्छ ।

## ५.३ उतरदाताको दैनिक आम्दानीको विबरण

सडक जीवन निर्वाह गर्ने कममा उनीहरूले आफ्नो दिन गुजारा चलाउनको लागि विभिन्न आर्थिक श्रोत जुटाउन कार्यहरू पनि गर्दै आएको कुरा थाहा पाइसक्यो र उनीहरूको कार्य अनुसार के कस्तो आम्दानी छ भन्ने कुरा तलको तालिकाबात प्रष्ट गरेको छन् ।

तालिका नं. - १२

दैनिक आय सम्बन्धित विवरण

| विवरण | सख्या | प्रतिशत |
|---|---|---|
| रू २० देखि ८० सम्म  कमाउने | ६ | २० % |
| रू ८१ देखि १५० सम्म कमाउने | ११ | ३६.६७ % |
| रू १५१ देखि २०० वा सो भन्दा बढि कमाउने | १३ | ४३.३३ % |
| जम्मा | ३० | १०० % |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथिको तथ्याङ्कबाट सडक बालबालिकाहरूको आम्दानी एकै सालको देखिदैन, अर्को तिर कहिलेकाहीँ तथ्याङ्कमा उल्लेखित आय पनि नहुन सक्छ तर अधिकाँश दिनहरूमा उनीहरूको आम्दानीको स्थिति यस्तो पाइयो । सडक बालबालिकाहरूको उमेर, शारीरिक क्षमता र जागर जस्ता कुराले सडक बालबालिकाहरूको दैनिक आम्दानीमा अन्तर रहेको देखिन्छ । त्यस्तै अन्य कारणहरूमा कोही बालबालिका आफूलाई दैनिक गुजारा गर्न पुग्ने ढंगबाट प्लाष्टिक तथा कवाडि खोज्न, कोही पर्यटक र पर्यटकीय क्षेत्र जस्ता ठाउँको नजिक गएर पर्यटकहरूसँग पैसा माग्ने, कोही साधारण गल्ली, चोक र सडकको सम्पर्कमा रहेर काम गर्ने जस्ता कारणहरू देखिन्छन् । माथिको तथ्याङ्कमा सबैभन्दा कम रू २० देखि ८० सम्म कमाउनेको सख्या ६ जा अर्थात २०%, र सबैभन्दा बढी रू १५१ देखि रू २०० वा सो भन्दा बढी सम्म कमाउनेको सख्या १३ जना अर्थात ४३.३३% रहेको पाइयो ।

## ५.४ कमाएको पैसाले पुग्ने वा नपुग्ने विवरण

दैनिक जीवन निर्वाहको क्रममा सडक बालबालिकाहरू आ-आफ्ना क्षमता अनुसारको आय आर्जन गर्न सक्रिय रहेकाहरूले आ-आफ्ना क्षमता अनुसारको आयले उनीहरूलाई पुग्छ पुग्दैन भन्ने कुराको अध्ययन अनुसार तलका तालिकाबाट तथ्याङ्क केलाएको छ ।

तालिका नं. - १३

उत्तरदाताले कमाएको पैसाले पुग्ने वा नपुग्ने विवरण

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| कमाएको पैसाले पुग्छ | १६ | ५३.३३ % |
| कमाएको पैसाले पुग्दैन | १४ | ४६.६७ % |
| जम्मा | ३० | १०० % |

स्रोतः स्थलगत अध्ययन, २०७२

अध्ययन क्षेत्रमा गरिएको माथिको तालिकामा आफुले कमाएको पैसाले पुग्ने ५३.३३% र नपुग्ने ४६.६७% रहेको पाइएको छ । यस अध्यापनबाट के देखिन्छ भने सडक बालबालिकाहरू आफ्नो क्षमता अनुसारको उनीहरूले कमाएको पैसाले अधिकतमलाई पुग्दै आएको छ । सडक बालबालिकाहरूले आफ्नो आयलाई अनियन्त्रित रूपबाट खर्च गर्ने गरेको पाइयो । केही सडक बालबालिकाहरू पनि शारिरक रूपमा नै  अशक्त भएको तथा आर्थिक श्रोत जुटाउनको साटो अल्छी भई मागी खाने वानी बसेकाहरूलाई भने आफ्नो आयले नपुग्ने देखिएको छ ।

## ५.५ आयश्रोतले नपुग्दाको स्थिति

सडक बालबालिकाहरूले आफ्नो आर्थिक श्रोत जुटाउदा जुटाउदै पनि कहिलेकाही अनियमित तरिकाले अनावस्यक रूपबाट खर्च गर्नाले खान पुग्नेलाई पनि अरूसंग माग्न पर्ने तथा कन्टेनरमा फालेको टिपेर खाने र कहिले काहि भोकै बस्नु पर्ने बाध्यता समेत रहेको पाइयो ।

यस अध्ययनबाट के बुझिन्छ भने सडक बालबालिकाहरूले आफ्नो आयलाई व्यवस्थित तरिकाले खर्च गर्न नजान्ने,पुग्ने आयले पनि कहिलेकाही नपुग भई सडक हिडने बटुवासँग मागेर खाने, फ्यालिएको खाने कुरा टिपेर खाने तथा मठ मन्दिर नजिक गई धर्मावलम्बीहरूलाई मागेर उनीहरूले दिएको प्रसाद थापेर पनि आफ्नो भोक मेटाउने तथा भोकै बसेर नै दिन गुजारा चलाउदै आएको देखियो ।

### ५.६ खाना बाहेक अन्य कुरामा खर्च विवरण

सडक बालबालिका आफुले दैनिक कार्य गरेर आर्जन गरेको आयश्रोतलाई व्यवस्थित तथा खर्च गर्ने क्रममा उनीहरूले आफ्नो आम्दानी अनुसार खर्च गरेको पाइयो । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. - १४

खाना बाहेक अन्य कुरामा खर्च विवरण

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| सिनेमा हेर्ने मिठो खाने | १६ | ५३.३३ % |
| चुरोट रक्सी पिउने | ५ | १६.६७ % |
| लुगा तथा आवश्यक सामाग्रीमा | ६ | २० % |
| बचाएर राख्ने | ३ | १० % |
| जम्मा | ३० | १०० % |

स्रोतः स्थलगत अध्ययन, २०७२

मथिको तालिकामा पाइएको तथ्याङ्क अनुसार उनीहरूको आम्दानीलाई कुन रूपमा खर्च भयो भन्ने विवरण सिनेमा हेर्ने मिठो खाएर ५३.३३% चुरोट रक्सी पिउने १६.६७% लुगा तथा आवश्यक सामाग्रीमा २०% र बचाएर राख्ने १०% पाइयो ।

यस अध्ययनबाट के देखिन्छ भने सडक बालबालिकाहरू आफूले आय आर्जन गरेको आम्दानी अधिक रूपमा उनीहरूले मिठो खाने तथा मनोरञ्जन गरेर नै रित्याउने गरेको पाइयो । त्यसतै चुरोट रक्सी खाएर पनि आफ्नो आयलाई अनियमितता गरेको पाइयो भने कहिले लुगा किन्ने वा आफूलाई चाहिने आवश्यक सामाग्री किन्ने गरेको पाइयो ।

# अध्याय : छ

## सडक बालबालिकाहरूको वर्तमान अवस्थाको विवरण

सडक जीवन भनेको दुःखद् स्थितिको संज्ञा हो । एक दिनको छाक टार्न पनी कठीन भएको स्थितिमा शिक्षा तथा स्वास्थ बारे ज्ञान उपलब्ध गराउन सजिलो छैन । यस्तो कहाली लाग्दो अवस्थामा पनि बालबालिकाहरू घरवार विहिन भएर बस्नु परेको स्थितिलाई अध्ययन गरी उनीहरूको वर्तमान स्थितिको बारेमा जानकारी लिईएको छ ।

### ६.१ हालको बासस्थान सम्बन्धी विवरण

यस अर्न्तगत सडक बालबालिकाहरूको बास बस्ने ठाउँ र त्यहाँ आइपर्ने समस्याको बारेमा अध्ययन सर्वेक्षण गरिएको छ । अध्ययन क्षेत्रका बालबालिकाहरूसँगको अध्ययनक्रमबाट प्राप्त भएको तथ्याङ्क यस प्रकार छ ।

तालिका नं. - १५

उत्तरदाताको बासस्थान सम्बन्धी विवरण

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| पाटी,पौवा,मन्दिरमा बस्ने | ९ | ३० % |
| सडक पेटीमा बस्ने | १४ | ४६.६७ % |
| घर,होटेल,दोकानको पेटीमा | ४ | १३.३३ % |
| जहातहि बस्ने | ३ | १० % |
| जम्मा | ३० | १०० % |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथिको तालिका अनुसार के देखिन्छ भने सडक बालबालिकाहरूको बासस्थानको स्थिति औलाउने क्रममा पाटी, पौवा, मन्दिरमा बस्ने ३०%, सडक पेटीमा बस्ने ४६.६७%, घर, होटेल, दोकानको पेटीमा बस्ने १३.३३%, र जहापायो त्यही १०% रहेको छ ।

यस अध्ययन क्षेत्रमा देखिएको सडक बालबालिकाको बसोवासको स्थितिलाई नियाल्दा के पाइयो भने आफूलाई बढि सुरक्षित पाउनको लागि पाटी, पौवा, मन्दिरमा बस्ने र आफ्नो उपयुक्तता अनुसार जहाँ सजिलो भयो त्यही रात गुजारा गरिएको देखिन्छ । त्यस्तै आफूलाई

सुरक्षित पाउन सडक पेटीको घर अगाडि ओत पाउने ठाउँमा सुतेर रात गुजारा गरेको पाइयो ।

### ६.२ खाना व्यवस्था सम्बन्धी विवरण

सडक जीवनयापनको क्रममा सडक बालबालिकाहरू आफ्नो साझ बिहान छाक कसरी व्यवस्था गर्दै आएका तथा उनीहरू कहा कसरी खादै आएका छन् भन्ने कुरा तलको तालिकाबाट प्रष्ट हुन आएको छ ।

तालिका नं. -१६

उत्तरदाताको खाना खाने सम्बन्धी विवरण

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| होटेलमा किनेर खाने | १६ | ५३.३३ % |
| मागेर खाने | ७ | २३.३३ % |
| होटलको वासी खाना खाने | ३ | १० % |
| अन्य | ४ | १३.३३ % |
| जम्मा | ३० | १०० % |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथिको तालिकामा पाइएको तथ्याङ्क अनुसार सडक बालबालिकाहरूको खानपान सम्बन्धी व्यवस्थाको अध्ययन गर्दा होटेलमा किनेर खाने ५३.३३%, मागेर खाने २३.३३%, हाटेलमा वासी खाना खाने १०%, अन्य १३.३३% जहा जे भेट्टायो त्यही अनुसार खाना खाने तथा निश्चित नभएको रहेको पाइयो ।

दिइएको तथ्याङ्क विश्लेषणको आधारमा सडक बालबालिकाहरूले आफ्नो खाने व्यवस्था अधिकतम रूपमा होटेलमा नै खाने गरेको पाइन्छ । किनकी उनीहरूसँग खाना पकाउने भाडा कुडाको व्यवस्था हुदैन, वासस्थानको ठेगाना हुदैन जसको फलस्वरूप आफ्नो आम्दानी अनुसार होटेलमा नै किनेर खाने गरेको पाइन्छ । त्यस्तै मागेर खाने सडक बालबालिकाहरू पनि अधिकतम रूपमा देखियो किनकी उनीहरूसँग पैसा भएको अवस्थामा किनेर खाने र पैसा नहुदा मागेर खाने गरेको पाइयो ।

## ६.३ लुगा व्यवस्था सम्बन्धी विवरण

अध्ययन क्षेत्रका बालबालिकाहरूसंग उनीहरूले लगाउने लुगाफाटाहरूको के कसरी बन्दोवस्त गरेका छन् भनी सोधिएको प्रश्नको जवाफको विवरण तलको तालिकामा स्पष्ट गरिएको छ।

तालिका नं. - १७

उत्तरदाताको लुगा व्यवस्था सम्बन्धी विवरण

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| आफै किन्ने | १४ | ४६.६७ % |
| मागेर लगाउने | ९ | ३० % |
| कसैले दिएको मात्र लगाउने | ७ | २३.३३ % |
| जम्मा | ३० | १०० % |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथिको तालिकामा पाइएको तथ्याङ्क अनुसार सडक बालबालिकाको लुगा सम्बन्धी व्यवस्थाको अध्ययन गर्दा आफै किन्ने ४६.६७%, मागेर लगाउने ३०%, कसैले दिएको मात्र लगाउने २३.३३% रहेको पाइयो।

यस अध्ययनबाट के देखिन्छ भने सडक बालबालिकाहरू आफ्नो अगं ढाक्ने व्यवस्था अधिकतमले आफ्नै क्षमतामा पुगाउदै आएका छन् । अन्यले आफूलाई नांगीनबाट जोगाउनको लागि मागेर भएपनि मानवीय सामाजिक मूल्य मान्यतालाई निरन्तरता दिदै आएको उदाहरण प्रस्तुत गरेका छन्।

## ६.४ बस्ने ठाउँमा ओढने ओछ्याउने सम्बन्धी विवरण

सडक बालबालिका आफ्नो फुटपाटे बसोवासको क्रममा उनीहरूसँग ओढने ओछ्याउने स्थिति के रहेको छ भन्ने कुरा तलको तालिकाले प्रष्ट पारेको छ।

तालिका नं. - १८

उत्तरदाताको ओढ्ने ओछ्याउने सम्बन्धी विवरण

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| भएको | १३ | ४३.३४ % |
| नभएको | १७ | ५६.६६ % |
| जम्मा | ३० | १०० % |

स्रोतः स्थलगत अध्ययन, २०७२

सडक बालबालिकाको बस्ने ठाउँमा ओढने, ओछ्याउने सम्बन्धी अध्ययनमा ओढने ओछ्याउन भएको १३ जना अर्थात ४३.३४% र ओढने,ओछ्याउने नभएको १७ जना अर्थात ५६.६६% रहेको देखियो । सडक बालबालिकाको रात बिताउने स्थान सधै एकै स्थानमा नभएर जहा सजिलो भयो त्यहि रात गुजार्ने भएको हुनाले पनि ओढने,ओछ्याउने वस्तु नभएको देखिन्छ ।

यस तथ्याङ्कबाट के प्रष्ट हुन्छ भने वास्तवमा सडक जीवन निकै दुःख लाग्दो रहेको छ । अधिकतम सडक बालबालिकाहरू रातको समयमा पनि आफुलाई पूर्ण रूपमा आरामले सुत्न,वस्न नसक्ने अवस्थाले मानवीय जीवनका एक चुनौती तथा कठोर संघर्षमय जीवनको ज्वलन्त उदाहरण प्रस्तुत गरेको छ । सडक जीवनको स्थिति र पशु जनावरको जीवनमा खासै अन्तर नदेखिएकोले यो एउटा मानव समाजको कुनै उदाहरण पनि हो ।

## ६.५ सरसफाईको विवरण

सडक जीवनयापनको क्रमलाई पनि निरन्तरता दिदै आएका छन् । यस क्रममा आवस्यक पानी पर्याप्त भएको खण्डमा हप्तामा नुहाउने तथा लुगा धुने गरेको तथा आवश्यक पानीको अभावमा त्यही अनुसार महिनाको एक दुई पटक भए पनि शारिरीक शुद्धतालाई कायम गर्दै आएको पाइयो । यसका लागि उनीहरू सार्वजनिक धारा तथा कुवाको प्रयोग तथा नजिकको नदिनालाबाट आफ्नो आवश्यकता परिपूर्ति गर्दै आएको बूझियो । यस तथ्याङ्कलाई तलको तालिकाबाट प्रष्ट्याईएको छन् ।

तालिका नं. - १९

उत्तरदाताको सरसफाई बारे विवरण

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| महिनामा १-२ पटक नुहाउने | ११ | ३६.६७ % |
| हप्तामा १ पटक नुहाउने | १९ | ६३.३३ % |
| जम्मा | ३० | १०० % |

स्रोतः स्थलगत अध्ययन, २०७२

सडक बालबालिकाको सरसफाईको तथ्याङ्क हेर्दा महिनामा १-२ पटक नूहाउने र हप्तामा १ पटक नुहाउने भन्नेहरू पाइयो । यस आधारमा तथ्याङ्क विश्लेशण गर्दा महिनामा १-२ पटक नूहाउनेहरू ३६.६७% र हप्तामा १ पटक नुहाउनेहरू ६३.३३% रहेको देखियो ।

यसबाट के देखिन्छ भने शिक्षा र सरसफाई सम्बन्धी ज्ञान नभएका कारण अधिकतम सडक बालबालिकाहरू कम नुहाउने गरेको पाइयो ।

### ६.६ सडक जीवनको क्रममा लागेका लतहरूको विवरण

सडक जीवनमा आइसकेपछि उनीहरूलाई राम्रो बाटोमा डोर्‍याउने तथा उनीहरूलाई नराम्रो कामहरूबाट सजग गराउने, उनीहरूका लागि कोहि पनि नभएको हुदा स्वभाविक रूपमा उनीहरूको छाडा समाजको सृजना भएको हुन्छ र उनीहरू आफुखुशी जस्तो सुकै नराम्रो लत अपनाएका हुन्छन् । यस कुराको अध्ययनलाई तलको तालिकाबाट प्रष्टयाईएको छ ।

तालिका नं. - २०

उत्तरदाताको कुलतको विवरण

| विवरण | सख्या | प्रतिशत |
|---|---|---|
| धुम्रपान गर्ने | ११ | ३६.६७ |
| धुम्रपान नगर्ने | ९ | ३० |
| कहिलेकाही मात्र धुम्रपान गर्ने | ६ | २० |
| धुम्रपान र लागु पदार्थ दुबै सेवन गर्ने | ३ | १० |
| लागु पदार्थ मात्र सेवन गर्ने | १ | ३.३३ |
| जम्मा | ३० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथिको तालिका अनुसार सडक बालबालिकाहरूको सडक जीवन गुजार्ने क्रममा लागेका लतहरू अध्ययन गर्दा धुम्रपान र लागु पदार्थ दुवै सेवन गर्ने १०%, धुम्रपान गर्ने ३६.६७%, धुम्रपान नगर्ने ३०%, कहिलेकाहि मात्र धुम्रपान गर्ने २०%, र लागु पदार्थ मात्र सेवन गर्ने ३.३३% रहेको पाइयो ।

माथिको तथ्याङ्कबाट के प्रष्ट भएको छ भने सडक बालबालिकाहरूलाई कसैले प्रत्यक्ष नियन्त्रण नगरेका हुनाले उनीहरू आफु खुशी जस्तोसुकै कुलतलाई आत्मसाथ गर्न अग्रसर रहेका हुन्छन् चाहे त्यो जान, अन्जान परिस्थितिको शिकारी किन नहोस ।

## ६.७ बिरामी हुदाँ हेरविचार सम्बन्धी विवरण

सडक बालबालिकाहरूलाई बिरामी हुदाँ कसले हेरविचार गर्छ भनी प्रश्न गर्दा आमावाबु हुनेले आमावाबुले हेरेको ,नहुनेले साथीभाईले हेरेको र कोहीपनि नहुनेले कसैले नहेरेको कुरा बताएका छन् । यसलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. - २१

उत्तरदाता बिरामी हुदाँ हेरविचार गर्ने

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| बिरामी नभएको भन्नेहरू | ३ | १० % |
| साथीभाईले भन्नेहरू | १७ | ५६.६५ % |
| आमावाबु वा आफन्त भन्नेहरू | ४ | १३.३३ % |
| हेरविचार गर्ने कोही नभएको भन्नेहरू | ६ | २० % |
| जम्मा | ३० | १०० % |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथिको तथ्याङ्कमा सबभन्दा बढी १७ जना अर्थात ५६.६७% साथीभाइले सहयोग गर्ने गरेका छन् । कहिल्यै बिरामी नभएका भन्नेहरू ३ जना अर्थात १० प्रतिशत रहेका छन् । उनीहरूलाई परेको बेलामा सबभन्दा बढी सहयोग गर्ने आफ्नै साथीभाई भएको कुरा अध्ययनबाट थाहा भएको छ ।

### ६.८ उपचार गराउने स्थान

अध्ययनको क्रममा बालबालिकाहरू बिरामी पर्दा उपचार गर्न जाने ठाउँको बारेमा विभिन्न प्रश्नहरू सोधिएको थियो । त्यस प्रश्नको जवाफमा औषधी किनेर बसेको ठाउँमा खाने बालबालिकाहरूको सख्या सबभन्दा बढी रहेको पाइयो । यसलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. - २२

उत्तरदाताले बिरामी पर्दा उपचार गराउने स्थान

| विवरण | सख्या | प्रतिशत |
|---|---|---|
| औषधी किनेर बसेको ठाउँमा खाने | १८ | ६० |
| अस्पताल जाने | ९ | ३० |
| चुप लागेर बस्ने | ३ | १० |
| जम्मा | ३० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथिको तालिका अनुसार सडक बालबालिकाहरू विरामी पर्दा उपचार गर्न जाने स्थानबारे जानकारी लिदा औषधी किनेर खाने ६०%, अस्पताल जाने ३०%, र सुस्त भई चुप लागेर बस्ने १०% पाइयो । औषधी खादा धेरै जसोले डाक्टरलाई नदेखाई आफै औषधी पसलमा गई वा साथीलाई पठाएर मलाई यस्तो भएको छ भनेर औषधी किनेर खाने गरेको पाइयो भने पैसा नभएकाहरू जो कमाउन कमजोर छ उनीहरू विरामी पर्दा पनि चुप लागेर वस्ने गरेको पाइयो ।

### ६.९ उनीहरूप्रति अरूले हेर्ने गरेका दृष्टिकोणको विवरण

सडक बालबालिकाहरू पनि मानविय समाजको अंग हो । उनीहरू समाजिक मूल्य मान्यता बाट  टाढिएर बस्नु उनीहरूको दुःखको घडीमा हामी समाजिक व्यक्तिहरूले कुन रूपबाट व्यवहार गर्दै आएको छौ त भन्ने कुराको अध्ययन विश्लेषण तलको तालिकाबाट केलाउने काम भएको छ ।

तालिका नं. - २३

उत्तरदाता प्रति अरू व्यक्तिको दृष्टिकोण

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| अरूको घर नजिक जाँदा गाली गर्छ | १५ | ५० |
| मया गरी खानेकुरा दिने | ७ | २३.३३ |
| पुराना लुगाहरू दिएर पठाउने | ६ | २० |
| अन्य | २ | ६.६७ |
| जम्मा | ३० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथिको तालिकामा पाइएको तथ्याङ्क अनुसार सडक बालबालिकाको सामाजिक अध्ययन विवरणमा कसैले घर नजिक जादा गाली गर्ने ५०% माया गरी खानेकुरा दिने २३.३३% पुराना लुगाहरू दिएर पठाउने २०% अन्य ६.६७% रहेको छ ।

### ६.१० आफ्नो कार्य सन्तुष्टि बारे विश्लेषण

सडक बालबालिका आफ्नो कार्य सन्तुष्टि भए नभएको भन्ने कुराको अध्ययन विश्लेषण तलको तालिकाबाट प्रष्ट हुन्छ ।

तलिका नं. - २४

उत्तरदाताको कार्य सन्तुष्टिबारे विवरण

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| खुशी छु | ५ | १६.६७ |
| खुशी छैन | १६ | ५३.३३ |
| ठिकै | ९ | ३० |
| जम्मा | ३० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथिको  तथ्याङ्क अनुसार सडक बालबालिकाहरू आफ्नो कार्य प्रति कतिको सन्तुष्ट छन् भन्ने बारेको अध्ययन विवरणमा खुशी नभएको ५३.३३%, खुशी भएको १६.६७% र ठिकै लाग्ने ३०% पाइयो ।

यस अध्ययनको तथ्याङ्क अनुसार के बुझिन्छ भने अधिक्तम रूपमा सडक बालबालिका आफ्नो कार्यमा सन्तुष्टि तथा खुशी देखिदैनन किनभने यिनीहरू आफ्नो परिवारलाई सम्झन्छन् भने पढेर केह गर्ने विचार भएको कुरा उनीहरू बताउछन् तर यी सबै थोक नपाएका कारण यिनीहरू खुशी छैनन् । यस्तै खुशी छु भन्नेहरू रहेको छन् किनभने यिनीहरू सडक जीवनमा कसैको पनि नियन्त्रण नरहेको कारण आफु स्वतन्त्र रूपमा बाच्न चाहान्छन् । अन्य बाँकीहरू सडक जीवन बिताउन बाध्य भएको कारण बाध्यात्मक रूपमा सहमती जनाउदै सन्तुष्टि रहेको बताएका छ

## ६.११ सडक छोडने प्रति धारणा

अध्ययन क्षेत्रमा पाइएको सडक बालबालिकाको अध्ययन गार्दा पाइएका ७ जना सडक बालबालिकाहरू सडक छोडने धारणाबाट अन्योलमा परेका छन् । यि सडक बालबालिकाहरूले वास्तविक पारिवारिक जीवनको बारेममा केही कुरा जान्न बुझ्न नै पाएका छैनन् तसर्थ यिनीहरूलाई पारिवारीक जीवन के हो ? र सडक जीवन के हो भन्ने कुराको ज्ञान नै नभएको मान्नु पर्छ । तसर्थ यिनीहरू सडक छाडने नछाडने बाट केही विचार नै व्यक्ति गर्न चाहदैनन (बाकी १४ जना सडक बालबालिकाहरू सडक छोडन चाहन्छ भने ९ जना सडक छोडन नचाहनेहरू पनि छन् जसलाई तलको तालिकाबाट स्पष्ट पारिएको छ ।

तालिका नं. - २५

उत्तरदाताको सडक जीवन प्रतिको धारणा

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| सडक छोडन चाहन्छु | १४ | ४६.६७ % |
| सडक छोडन चाहन्न | ९ | ३० % |
| अन्य (कहा जाने के गर्ने भन्ने अन्योल) | ७ | २३.३३ % |
| जम्मा | ३० | १०० % |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथिको तालिका विवरण अनुसार सडक बालबालिकाहरूको मनसायलाई अध्ययन गर्दा उनीहरू मध्ये ४६.६७% सडक छोड्न चाहेको र ३०% ले सडक छोड्न नचाहेका र बाँकी २३.३३% अन्य अर्न्तगत कहा जाने कता जाने भन्ने उनीहरूको उत्तर पाइयो ।

यस अध्ययन क्षेत्रमा सडक छोडन चाहने सडक बालबालिका १४ जना रहेका छन् । यिनीहरू किन घर जान चाहन्छन् भनि गरिएको अध्ययन तलको तालिकाले प्रष्ट गरेको छ ।

तालिका नं. - २६

उत्तरदाताले सडक छोड्न चाहाने कारण

| विवरण | सख्या | प्रतिशत |
|---|---|---|
| सडक जीवनबाट दिक्क भएर | ६ | ४२.८९ |
| घरमै बसी काम गर्ने पढ्ने | ३ | २१.४४ |
| घर परिवारको माया लागेर | २ | १४.२८ |
| पैसा कमाएर घर जाने | ३ | २१.४४ |
| जम्मा | १४ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

दिइएको तालिका विवरण अनुसार सबैभन्दा बढी ४२.८९% सडक जीवनबाट दिक्क भएर सडक छोड्न चाहानेहरू छन् । यिनीहरू मध्ये धेरैजना सडक जीवनमा निकै कठोर सघंर्ष र दुःख पाएका हुनाले पारिवारिक जीवन व्यतित गर्न उत्सुक भएको देखिन्छ । त्यसतै घरमा बसी काम गर्ने तथा पढ्न चाहानेहरू २१.४४% रहेका छन् भने १४.२८% ले आफ्नो घर परिवारको माया लागेर सडक छोड्न चाहेका छन् । त्यस्तै २१.४४% ले अब पैसा कमाएर घर जाने विचार व्यक्त गरेका छन् । यिनीहरू सडक जीवनमा नै बसेर भएपनि केही धन, आय आर्जन गरेर पुनः पारिवारिक जीवनमा समाहित हुने आशा लिएका छन् ।

यस अध्ययन क्षेत्रमा सडक जीवन छोड्न चाहन्न भन्नेहरू ९ जना रहेका छन् । यिनीहरू किन घर फर्किन चाहदैन्न भनी गरिएको अध्ययन तथ्याङ्क यस प्रकार रहेको छ । घरमा कोही पनि छैन भन्नेहरू ३ जना, जान मन लाग्दैन भन्नेहरू ४ जना र सौतेनी आमाले दुःख दिन्छ भन्नेहरू २ जना रहेका छन् जसलाई तलको तालिकामा स्पष्ट पारिएको छ ।

तालिका नं. - २७

उत्तरदाता सडक छोड्न नचाहाने कारणहरू

| विवरण | सख्या | प्रतिशत |
|---|---|---|
| घरमा कोही पनि छैन | ४ | ४४.४४ |
| जान मन लाग्दैन | ३ | ३३.३३ |
| सौतेनी आमाले दुःख दिई लखेटेको | २ | २२.२२ |
| जम्मा | ९ | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

माथिको तालिकामा दिइएको तथ्याङ्क अनुसार के स्पष्ट हुन्छ भने सबैभन्दा बढी ४४.४४% घरमा कोही पनि छैन भन्नेहरू छन् । यिनीहरूको वास्तविकता के बुझियो भने घरमा अभिभावक मरेकोले उनीहरूको पारिवारिक संरचना नै उजाडिएको छ । जुन उनीहरूको बाध्यता भई घर त्याग गरी सडक जीवनमा आउनु परेको हो ।

त्यसतै जान मन लाग्दैन भन्नेहरू ३३.३३% रहेका छन् । यिनीहरूलाई सडकको छाडा जीवन नै मन पर्दै आएको र घर गयो भने दुःख पाइन्छ भन्ने नकारात्मक भावना व्याप्त रहेको छ । यहा बिना कसैको नियन्त्रण घुमफीर गर्न पाउने, मागीखान पाउने, सिनेमा हेर्न जान पाउने तथा छाडा भएर भौतारीनु नै आनन्द मानेका छन् ।

त्यस्तै सौतेनी आमाले दुःख दिन्छ भन्नेहरू २२.२२% रहेका छन् । घरमा सौतेनी आमाले असहय दुःख दिएको कारण यिनीहरूले कहिल्यै सुखको अनुभुति नै पाएन्न परिणाम घर त्याग्नु सहज बन्न पुग्यो र सडक जीवन आनन्द मान्न बाध्य भएको पाइयो ।

## ६.१२ भविष्यको योजनाबारे विवरण

मानव जीवन स्वपन्नदर्शी हुन्छन्, चाहे त्यो गरीब, निःसाहय र अपांग नै किन नहोस । यही क्रममा सडक बालबालिकाहरू पनि आफ्नो भविष्यको योजनालाई सजाउने क्रममा विभिन्न सपनाहरू बुनेका छन् जसको अध्ययन विवरण तलको तथ्याङ्कमा प्रष्ट पारिएको छ ।

तालिका नं. - २८

उत्तरदाताको भविष्य योजनाको विवरण

| विवरण | सख्या | प्रतिशत |
|---|---|---|
| धेरै पढ्ने | ४ | १३.३३ |
| धनी मान्छे बन्ने | ६ | २० |
| ड्राइभर बन्ने | ३ | १० |
| विदेश जाने | ५ | १६.६७ |
| पुलिस बन्ने | २ | ६.६७ |
| भविष्यबारे नसोचेको | ६ | २० |
| अन्य | ४ | १३.३३ |
| जम्मा | ३० | १०० |

स्रोतः स्थलगत अध्ययन, २०७२

सडक बालबालिका भविष्यमा के कस्तो बन्ने योजना छ भनी जिज्ञासा राख्दा भविष्यबारे नसोचेको २०%, धेरै पढ्ने १३.३३%, धनी मान्छे बन्ने २०%, ड्राइभर बन्ने १०%, विदेश गई काम गर्ने १६.६७%, र पुलिस बन्ने ६.६७% पाइयो ।

माथिको अध्ययनलाई तथ्याङ्कीय दृष्टिकोणबाट केलाउदा जसले आफ्नो भविष्यको कुनै योजना नै बनाएका छैन्न उनीहरूको आफ्नो भविष्य सदा अन्धकारमय छ भन्ने मात्र धारणा बोकेका अधिक रहेको पाइयो । त्यस्ता सडक जीवनमा संर्घषरत बालबालिकाहरू आफूलाई पूर्णत सबै तिरबाट हरेस खाई तत्कालिन जीवनलाई मात्र जानेका र भविष्यको बारेमा केही भन्न रूचाएन्न ।

# अध्याय : सात

# सडक बालबालिकाहरूको समस्याको विवरण

## ७.१ सडक बालबालिकालाई परेको समस्या

मानब जीवनमा एक न एक समस्याहरू आइरहेको हुन्छ । भनिन्छ समस्याले समाधान पनि साथै ल्याएको हुन्छ । घरमा परेका विभिन्न समस्याले गर्दा सडक आइपुगेका बालबालिकालाई सडकमा पनि समस्याले छाडेको छैन । उनीहरूले सडकमा प्राकृतिक तथा मानवीय समस्याहरू भोगीरहेका छन् जसलाई तलको तालिकाद्वारा देखाइएको छ ।

तलिका नं.- २९

उत्तरदातालाई परेको समस्या

| विवरण | सख्या | प्रतिशत |
|---|---|---|
| प्राकृतिक तत्त्व | ७ | २३.३३ |
| पिटाइ | ३ | १० |
| चोरी/लुटने | ७ | २३.३३ |
| भगाउने | ९ | ३० |
| अन्य | ४ | १३.३३ |
| जम्मा | ३० | १०० |

माथिको तालिका अनुसार प्राकृतिक तत्त्व (जाडो,वर्षा) नै प्रमुख समस्या रहेको २३.३३% सडक बालबालिकाले बताउँदछन् । प्रहरी, स्थानीय दादाहरू, ठूला सडक बालबालिकाहरूका पिटाइ १०% सडक बालबालिकाले पाएका छन् । उनीहरूले सडक बालबालिकाहरूलाई चोरी गरेको आरोपमा तथा बिनाकारण नै पिटने गरेको पाइन्छ । २३.३३% बालबालिकाले आफूले कमाएर राखेको १०/२० रूपैयाँ पनि चोरी हुने तथा लुटेर लग्ने गरेको अनुभव बताए । ३०% बालबलिकालाई सुतिरहेको बेलामा तथा कवाड खोज्न जाँदा विभिन्न व्यक्तिद्वारा गाली गरी लखेट्ने भगाउने गरेको पाइन्छ । अन्य (स्वास्थ्य, यौन दूर्व्यसनी) १३.३३% सडक बालबालिकाले विभिन्न समस्या भोगीरहेको पाइन्छ ।

### ७.१.१ स्वास्थ्य समस्या

अत्यधिक सडक बालबालिका पटक पटक बिरामी भइरहन्छन् । उनीहरूले काम गर्दा खेल्दा, एक आपसमा लड्दा, कुकुरले टोक्ने, भाँचिने, मर्किने आदि भएको पाइन्छ । सामान्य पेट दुख्ने, ज्वरो, रूघाखोकी लाग्ने उनीहरूलाई प्रायः जसो भैरहेको पाइन्छ । सडक बालबालिकाहरूलाई लागेका रोगहरू यस प्रकार छन् ।

तालिका नं.-३०

उत्तरदातालाई लागेका रोगहरू

| विवरण | सख्या | प्रतिशत |
|---|---|---|
| रोग नलागेका | ९ | ३० |
| पेट दुखेको | ३ | १० |
| ज्वरो,रूघाखोकी | ५ | १६.६६ |
| भाचिएको,मर्किएको | ४ | १३.३३ |
| कुकुरले टोकेको | २ | ६.६६ |
| छालाको रोग | १ | ३.३३ |
| अन्य | ६ | २० |
| जम्मा | ३० | १०० |

स्रोतः स्थलगत अध्ययन,२०७२

माथिको तालिका अनुसार ३०% सडक बालबालिकालाई रोग नलागेको पाइन्छ । तर उनीहरूमध्ये केहीलाई विभिन्न व्यत्तिहरूको पिटाइ र दुर्व्यवहारले गर्दा शारिरिक पिडा तथा चोट लागेको पाइन्छ । १६.६६% बालबालिकालाई ज्वरो आउने, रूघाखोकी लाग्ने गरेको पाइन्छ । १०% बालबालिकालाई पेट दुखेको पाइन्छ । भाचिने, मर्किनेको सख्या १३.३३% रहेको छ भने कुकुरले टोकेको ६.६६% रहेको र छालाको रोग लागेको ३.३३% पाइएको छ ।

### ७.१.२ दूर्व्यसनी समस्या

सडक बालबालिकाले चुरोट, रक्सी, खैनी खादै जादा अम्मली बनेर साथीहरूको संगतले गाजाँ, चरेसँ, ट्याव्लेट आदि खाने गरेको पाइन्छ । आम जनता प्रहरी सरकारलाई छिपाएर लुकी चोरी अवैध धन्दा सडक बालबालिकाद्वारा गराइन्छ । उनीहरूलाई यो वस्तु के हो ? कस्तो हुन्छ ? हेर्ने, स्वाद लिने इच्छा जागेर आउदछ । धेरै थोरै जति भएपनि सेवन गर्दैजादा

उनीहरू कूलतको शिकार हुन गई दूर्व्यसनी बन्न पुदछन् । यताउता गरेर कमाएको पैसा लागु पदार्थमा खर्च गर्दछन् । पछि आदत भएपछि सो तत्त्व किन्नका लागि उनीहरू चोरी गर्ने, पाकेट मार्ने कार्यमा पनि लाग्दछन् । लागुपदार्थ सेवन गरी आवेशमा आई आफ्ना साथीहरूलाई पनि कुटपिट गरेको पाइन्छ । मजदुरी गर्ने एक सडक बालक भन्दछन्- "दिनभरी काम गर्दा थकाई लाग्छ त्यसैले खानै पर्‍यो भनि १ गिलास रक्सी स्वत्तै पार्दछन् ।"

## ७.२ बालबालिका सडकमा आउने कारणहरू

बालबालिकाहरूको सुरक्षा र व्यत्तित्व विकासको उचित प्रबन्ध गर्नु राष्ट्रको प्रमुख कर्तव्य भएता पनि हाल नेपालमा थुप्रै सडक बालबालिकाहरू देखा परेका छन् । मुख्यत गरिब, असहाय, पारिवारिक संरचना भताभुंग भएका जस्ता कारणहरूबाट धेरै जसो सडक बालबालिकाको रूपमा देखा परेका छन् । यिनीहरू मध्ये धेरै जसो साहरा नभएकाहरूलाई पनि घर परिवारले बेवास्ता गरिएको तथा हेला गरिएको, आमाबावु नभई टुहुरा भएका, सौतेनी आमाबावुको दुर्व्यवहारका कारण घरबार विहिन भई बढि मात्रामा सडक बालबालिकाको रूपमा देखा परेका छन् । आफ्ना आमावाबु तथा नातेदार भएर पनि यि सडक बालबालिकाहरू परिवारबाट टाढा रहनु परेको छ ।

हामीले सामान्य रूपमा हेर्दा बालबालिकाहरू एकै चोटि सडकमा आएको जस्तो लाग्छ तर वास्तविक रूपमा अध्ययन गर्ने हो भने केहि बाहेक अधिकांस बालबालिकाहरू आफूले काम गरेको ठाउँमा जस्तै :हाटेल, कारखाना आदि ठाउँहरूमा हुने गरेको हेला, शोषण र दुरर्व्यवहारको कारण बालबालिकाहरू बाच्ने विकल्पको रूपमा अन्तिम अवस्थामा मात्र सडकलाई अंगाल्ने गरेको पाइएको छ । सडक बालबालिकाहरू कुनै गरिवीको कारणले मात्र नभएर, सौतेनी आमाको दुरर्व्यवहारले मात्र नभएर, टुहुरा भएकै कारणले मात्र पनि नभएर अभिभावकहरूको नै गैर जिम्मेवारी प्रवृति बढि दोषी देखिन आएको छ ।

अधिकतम बालबालिकाहरूले आफ्नो पारिवारिक कलहको कारण परिवारबाट पन्छिएर आफ्नै स्वविवेकमा जीवन बिताउन सडक जीवन रोज्न बाध्य हुन्छन् । सडक जीवनयापनको क्रममा बालबालिकाहरूको आफ्नै उजाड संसार हुने जहाँ सामाजिक नियन्त्रणको कुनै दरिलो बन्धन नहुने र उनीहरू जुनसुकै बेला जे पनि गर्न पाउने भएका कारण यी सडक बालबालिकाहरू सडक छोड्न चाहैन्न । सडक बालबालिकाको नाममा जतिपनि संघ संस्थाहरू खोलिएका छन् ती संघ संस्थाहरूमा पनि यिनीहरू बस्न चाहदैन्न किनभने

यिनीहरू स्वतन्त्रता चाहन्छन् । संघ संस्थामा बस्दा पढनु पर्ने र नुहाउनु पर्ने कारण दखाई यिनीहरू सडक जीवनमा नै खुशी भएको बताएका छन् । यसरी उनीहरू आफुलाई कसैको नियन्त्रणमा नरही स्वतन्त्र भएको पाउन जानी नजानी जुनसुकै बाटो रोज्न पुग्छन् । यसैको परिणाम आज हामी सडक बालबालिका पाउँदछौ ।

नेपालले सयुत्त राष्ट्र संघीय बालअधिकार समिति प्रस्तुत गरेको आवधिक प्रतिवेदको समापन टिप्पणी २००५ को अनुच्छेद ७५ र ७६ मा सडक बालबालिकाका सम्बन्धमा उल्लेख गर्दै भनिएको छ– सडकमा बस्ने र काम गर्ने बालबालिका सडकमा आउनका कारणहरू निम्न हुन

१. पारिवारिक कलह

२ बावुआमा वा अन्य संरक्षकको अभाव

३. बहकाबमा लाग्नु

४. शहरीकरणको प्रभावमा पर्नु

५. लोभ प्रलोभनमा फस्नु

६. सौतनी आमा वा झड्केलो बावुबाट माया, ममता नपाउनु र उनीहरूले हेला गर्नु

७. घरपरिवार वा समाजका अन्य सदस्यहरूबाट बारम्बार दूर्व्यवहार हुनु (के.बा.क.स)

# अध्याय : आठ

# सारशं र निष्कर्ष

## ८.१ सारशं

बालबालिका  भनेको भविष्यका कर्णधार हुन । बालबालिकाको सुरक्षा र व्यक्तित्व उचित प्रबन्ध गर्नु राष्ट्रको प्रमुख कर्तव्य भएता पनि हाल नेपालमा थप्रै सडक बालबालिकाहरू देखा परेका छन् । मुख्यत गरिव असाहय ,पारिवारिक संरचना भताभुंग भएका जस्ता कारणहरूबाट धेरै जसो सडक बालबालिकाको रूपमा देखा परेका छन् । यहा बालबालिकाको हकहित र उत्थानको लागि धेरै संघ सस्थाहरू स्थापना भएता पनि आज सम्म के कति कारणले एंव बाध्यताबात सडक जीवन यापनमा आएका हुन भन्ने बारेमा अध्ययन अनुसन्धान एंव विश्लेषण गर्नु अति आवश्यक रहेको छ ।

यस अध्ययनको मुख्य उदेश्य सडक बालबालिकाहरूको आर्थिक तथा समाजिक अवश्था केलाउनु , सडक जीवनमा आउनका कारणहरू पत्ता लगाउनु वा के कति कारणले उनीहरू सडक जीवनमा आउन पुगे त्यसको विश्लेषण गर्नु रहेको छ । यसै कममा यो अध्ययनको अध्ययन क्षेत्रमा छनोटमा परेका बालबालिकाहरूको वास्तविक्ता गहन रूपमा अध्ययन गरी प्रस्तुत गरिएको छ ।

यस अध्ययनमा बुटवल नगरपालिका अन्तर्गत गोलपार्क, ट्राफिकचोक, हाटबजार, बसपार्क, दिपनगर आदि क्षेत्र जहा घना बस्ती रहेको छ र यो क्षेत्र फोहोर थुप्रिने तथा प्रमुख व्यापारिक केन्द्रको रूपमा होटेल व्यवसाी अत्यधीक भएकोले यस क्षेत्र छनोट गरी अध्ययन अनुसन्धान कार्यलाई अघि सारेका छौ ।

यस अध्यापनको अध्ययन क्षेत्रमा सडक बालबालिका भन्नाले त्यस्ता बालबालिकालाई लिएको छ जसको गाँस,वास र कपास सडकमा नै हुन्छन् अर्थात घरपरिवारबाट टाढिएर सम्पुर्ण समय अर्थात रात दिन सडकमा विताउँदछन् जसलाई सडक बालबालिकाको संज्ञा दिइन्छ ।

सडक बालबालिकाहरूको सामाजिक आर्थिक अवस्थाको अध्ययनको क्रममा बुटवल नगरपालिकाको व्यस्त ठाउँ बसर्पाक, हाटबजार ,ट्राफिकचोक, गोलपार्क, कालिकानगर रहेको सडक बालबालिकाहरूबाट लिइएको प्रश्नावलीको आधारमा तथ्याङ्क प्रस्तुत गरिएको छ । सो

कार्यका लागि अध्ययन क्षेत्रका कूल नमूना वा उत्तरदाता बालबलिकाको संख्या ३० जना रहेको थियो । उनीहरूबाटै यो अध्ययन कार्य पूरा गरिएको छ ।

कुल उत्तरदाता बालबालिका मध्ये अधिकाशं १० जना अर्थात ३३.३३% बुटवल वरिपरिबाट नै रहेका छन् भने सब भन्दा कम पूर्वि तराईबाट १ जना अर्थात ३.३३% आएका छन् । यसको कारण विश्लेषण गर्दा बुटवल शहर नजिकका विभिन्न जिल्लाहरूको नजिकको दूरीमा रहेको हुदा आउन जान सजिलो, जोसुकैको पछि लागेर,भागेर एक्लै आउन सजिलो र साधन स्रोत कम लाग्ने गरेको पाइएको छ ।

त्यसैगरि लिङ्गको आधारमा बालबालिकाहरू मध्ये केटाको संख्या ८३.३३%(६ देखि १४ वर्ष भित्रका ) र केटीको संख्या १६.६७% रहेको छ । केटी भन्दा केटाको संख्या बढी रहेको छ । त्यस मध्ये साक्षरको संख्या भन्दा निरक्षरको सख्या धेरै अर्थात ४६.६७ रहेको हो । यसरी आएका बालबालिका मध्ये अधिकाशं दलित जाति रहेको पाइयो जसको संख्या ११ जना अर्थात ३६.६७% रहेको छ भने चौधरी जाती १६.६७% मुसहर १३.३३%,कुमाल जाती १०% ,गुरुङ्ग ३.३३% मगर ६.६७%, क्षेत्री १०% र ब्राम्हण ३.३३% रहेको छन् । धर्मको आधारमा हिन्दु धर्म मान्ने ७०%, बौद्ध धर्म मान्ने १०%, ईसाइ धर्म मान्ने १६.६७% र थाहा नभएका ३.३३% रहेको छ ।

पारिवारिक स्थिति विवरणको आधारमा घर हुने ४६.६७%, घर नहुने ३३.३३%, घरबारे थाहा नहुने २०% आमा वाबु भएको ३३.३३% आमा वाबु नभएको १६.६७% सौतेनी आमा तथा वाबु भएको २३.३३%, आमा नभएको १६.६७% र कोही पनि नभएको १०% रहेको छन् । उत्तरदाता घर जाने क्रमको आधारमा जादै नजाने ३६.६७%, वर्षमा एक दुई पटक जाने १३.३३% र कहिलेकाहि मात्र जाने ५०% रहेका छन्।

सडक बालबलिकाको पारिवारिक आयश्रोत वा मुख्य पेशाको अध्ययन गर्दा सबै भन्दा वढी मजदुरी गर्ने ४०% त्यसतै कृषी २०% नोकरी १३.३३%, व्यापार १०% र अन्य १६.६७% रहेको छन् । बालबालिकाले घर छोडनुको कारणहरूमा आर्थिक अवस्था कमजोर ५०%,सौतेनी बुवा आमाको दुर्व्यवहार १६.६७% घरायसी झगडा १०% घरमा अत्यधिक काम गर्न परेर ६.६७% साथीहरूको लहैलहैमा लागेर १०% र अन्य ६.६७% रहेको छन् ।

आर्थिक अवस्थाको बारेमा अध्ययन गर्दा उनीहरूको कामको प्रकृतिको विवरणमा प्लाष्टिक लगायत कवाडी समान बटुल्ने ४६.६७%, टुरिष्ट तथा अन्य मान्छेसंग भाग्ने २३.३३%

होटेलमा भाडा माज्ने २०% गाडि सफा गर्ने ३.३३% र पत्रपत्रिका बाढने ६.६७% रहेका छन् । दैनिक आय व्यवस्थाका सम्बन्धमा अध्ययन गर्दा रू २० देखि ८० सम्म कमाउने २०%, रू ८१ देखि १५० सम्म कमाउने ३६.६७% रहेको छ रू १५१ देखि २०० वा सो भन्दा बढि कमाउने ४३.३३% रहेको छ । त्यसतै उनीहरूले कमाएको पैसाले पुग्छ पुग्दैन भन्ने कुराको जानकारी लिदा ५३.३३% ले पुग्छ भन्ने पाइयो भने ४६.६७% ले कमाएको पैसाले पुग्दैन भन्ने जानकारी प्राप्त भयो । त्यसतै उनीहरूको आयले कहिलेकाही नपुग्दाको स्थितिलाई अध्ययन गर्दा के पत्ता लाग्यो भने आफ्नो आयलाई व्यवस्थित तरिकाले खर्च गर्न नजान्नाले सडक हिड्ने वटुवासंग मागेर खाने, फ्यालिएको खाने कुरा टिपेर खाने तथा मठ मन्दिर नजिक गई प्रसाद थापेर पनि आफ्नो भोक मेटाउने तथा भाकै वसेर पनि दिन गुजारा चलाउदै आएको देखियो ।

सडक बालबालिकाको खाना बाहेक अन्य कुरामा खर्च विवरणको अध्ययनमा सिनेमा हेर्ने मिठो खाने ५३.३३%, चुरोट रक्सी पिउने १६.६७%, लुगा तथा आवश्यक सामाग्री किन्ने २०% र बचाएर राख्ने १०% रहेका छन् । उत्तरदाताको बासस्थान सम्बन्धि विवरण पाटी पौवा मन्दिरमा बस्ने  ३०% सडक पेटीमा बस्ने ४६.६७%, घर, होटेल, दोकानको पेटीमा बस्ने १३.३३% र जहातही बस्ने १०% रहेका छन् । त्यसै गरि खाने व्यवस्था विवरणको आधारमा होटेलमा किनेर खाने ५३.३३% मागेर खाने २३.३३%, होटेलको वासी खाना खाने १०% र अन्य १३.३३% रहेको छ ।

उत्तरदाताको लुगा व्यवस्थाको सम्बन्धमा आफैले किन्ने ४६.६७% मागेर लगाउने ३०%, कसैले दिएको मात्र लगाउने सम्बन्धमा ओढ्ने ओछ्याउने भएको ४३.३४% र नभएको ५६.६६% रहेको छ । सडक बालबालिकाको सरसफाईको बारेमा अध्ययन गर्दा महिनामा १ देखि २ पटक नुहाउने ३६.६७% र हप्तामा १ पटक नुहाउने ६३.३३% रहेका छन्

अध्ययन क्षेत्रमा पाइएका सडक बालबालिकाहरूको कुलतको बारेमा अध्ययन गर्दा धुम्रपान गर्ने ३६.६७%, धुम्रपान नगर्ने ३०%, कहिलेकाहि मात्र धुम्रपान गर्ने २०% धुम्रपान र लागु पदार्थ दुवै सेवन गर्ने १०% र लागु पदार्थ मात्र सेवन गर्ने ३.३३% रहेका छन् । उत्तरदाता विरामी हुदा हेर विचार कसले गर्ने भन्ने विवरणमा विरामी नभएको भन्नेहरू १०%, साथीभाईले भन्नेहरू ५६.६७%, आमावाबु वा आफन्त भन्नेहरू १३.३३% हेर विचार गर्ने कोहि नभएको भन्नेहरू २०% रहेका छन् । विरामी पर्दा कसरी र कहा उपचार गराउने

स्थानको विवरण अनुसार औषधी किनेर बसेको ठाउँमा खाने ६०%, अस्पताल जाने ३०%,उपचार नगराई चुप लागेर बस्ने १०% रहेको छन् ।

सडक बालबालिका प्रति समाजको दृष्टिकोणका बारेमा अध्ययन गर्दा अरूका नजिक जादा गाली गर्ने भन्नेहरू ५०%, माया गरी खानेकुरा दिने २३.३३%, पुरानो लुगाहरू दिएर पठाउने २०%, र अन्य यस सम्बन्धमा त्यती वास्ता नै नगर्नेहरू ६.६७% रहेका छन् । आफ्नो कार्य प्रति सन्तुष्टि छ छैन भन्ने सम्बन्धमा अध्ययन गर्दा खुशी छु भन्नेहरू १६.६७%, खुशी छैन भन्नेहरू ५३.३३% र ठिकै छ भनी बताउनेहरू ३०% रहेका छन् ।

अध्ययन क्षेत्रमा पाइएको उत्तरदाताको जवाफमा सडक छोड्न चाहन्छु भन्नेमा ४६.६७%, सडक छोड्न चाहदिन भन्नेहरू ३०%, र अन्यमा कहा जाने के गर्ने भन्ने अन्योलमा रहेका २३.३३% रहेका छन् । त्यस्तै उत्तरदाताले सडक छोड्न चाहने कारणका बारेमा अध्ययन गर्दा सडक जीवनबाट दिक्क भएर ४२.८९%, घरमै बसी काम गर्ने पढ्ने २१.४४%, घर परिवारको माया लागेर १४.२८%, पैसा कमाएर घर जाने २१.४४% का दरले रहेको पइयो । त्यस्तै सडक छोड्न नचाहने कारणहरूको बारेमा अध्ययन गर्दा घरमा कोही पनि छैन भन्नेहरू ४४.४४%, जान मन लाग्दैन भन्नेहरू ३३.३३%, सौतेनी आमाले दुःख दिई लखेटेको भन्नेहरू २२.२२% रहेको पाइयो । अध्ययन क्षेत्रमा पाइएका सडक बालबालिकाहरूको भविष्यको योजनाबारे अध्ययन अनुसन्धान गर्दा धेरै पढ्ने भन्ने विचार व्यक्त गर्नेमा १३.३३%, धनी मान्छे बन्ने २०%, ड्राइभर बन्ने १०%, विदेश जाने १६.६७%, पुलिस बन्ने ६.६७%, भविष्यबारे नसोचेको २०%, र अन्य अर्न्तगत विभिन्न इच्छा अभिलाषा बोकेकाहरूमा १३.३३% रहेका छन् ।

सडकमा २३.३३% बालबालिकालाई प्राकृतिक (जाडो, वर्षा) समस्या पर्दछ भने पैसा चोरी हुने लुट्ने समस्या पनि २३.३३% बालबलिकाले भोगेका छन् । बुटवलको सडकमा पनि सुरक्षाको कमी रहेको पाइन्छ । ७०% बालबालिकालाई विभिन्न प्रकारको रोग लागेको पाइन्छ । १६.६६% लाई ज्वरो, रूघाखोकी लाग्ने गरेको छ भने १०% बालबालिकालाई पेट दुख्ने रोग लागेको पाइयो । फ्याकिएको खानेकुरा खानु, कहिले भोकै बस्नु, चिसोमा सुत्नु तथा सरसफाई नगर्नुले बालबालिका बिरामी भएको पाइन्छ । दूर्व्यसनी समस्याले गर्दा सडक बालबालिका एक आपसमा लड्ने गर्दछन् । केही बालक पैसाको अभावले गर्दा चोरी, पाकेट मार्ने र अवैध समान ओसारपसार कार्यमा लागेको पाइन्छ ।

यस अध्ययनबाट के देखिन्छ भने सडक बालबालिकाहरूले सडक जीवनयापनको क्रममा कठोर संघर्षमय जीवन गुजारी रहेको र यसै क्रममा उनीहरूलाई कसैले माया गरी आश्रय दिइयो भने पक्कै पनि सडक जीवन छोडेर एक व्यवस्थित सामाजिक जीवनमा सामाहित हुन सक्ने देखिन्छ । तर कतिले सडक छोड्न नचाहेको पनि छन् त्यस्ता सडक बालबालिकाहरू सामाजिकीकरणका अधिक क्रियाकलापहरू बिग्रिएर निकै जिर्ण भइसकेका छन् । यस्ता सडक बालबालिकाले भविष्यमा विभिन्न अपराधिक घटनाहरू निम्त्याउने तथा सामाजिक मूल्य मान्यता विपरित कार्यहरू गरेर नराम्रो परिणाम ल्याउन सक्ने कुरा सहजै अनुमान गर्न सकिन्छ ।

## ८.२ निष्कर्ष

सडक बालबालिकाहरू बावुआमा नभएर, सौतेनी आमाबावुका कारण परिवारले वास्ता नगरेर, वावुआमाले दुःख दिएर आदि विविध पारिवारिक, सामाजिक तथा आर्थिक दुःख झेलमा हुर्किनु परेको हुनाले उनीहरू त्यस्ता पारिवारिक तथा सामाजिक वातावरणबाट आफुलाई स्वतन्त्रता दिलाउने क्रममा सडकमा आएको पाइयो ।

यस अध्ययनबाट के देखिन्छ भने सडक बालबालिकाहरूले सडक जीवनयापनको क्रममा कठोर संघर्षमय जीवन गुजारिरहेको र यसै क्रममा उनीहरूलाई कसैले माया गरी आश्रय दिइयो भने पक्कै पनि सडक जीवन छाडेर एक व्यवस्थित सामाजिक जीवनमा समाहित हुन सक्ने देखिन्छ । तर धेरैले सडक छोड्न नचाहेको पनि छन् । त्यस्ता सडक जीवनका बालबालिकाहरू सामाजिकीकरणका अधिक क्रियाकलापहरू बिग्रिएर निकै जिर्ण भइसकेका छन् । शायद उनीहरू आफुमा नै विश्वास छैन कि म सामाजिक जीवनमा समाहित भएर सुध्रिन सक्ने हो कि होइन, यही कुराको अन्योलमा कतिले निर्णय पनि गर्न नसक्ने भएका छन् भने कतिले सडक जीवन नै नछोड्ने भनि जनाएका छन् । यो उनीहरूको नकारात्मक पक्षको संज्ञा हो । यस्ता सडक बालबालिकाले भविष्यमा विभिन्न अपराधिक घटनाहरू निम्त्याउने तथा सामाजिक मूल्य मान्यता विपरित कार्यहरू गरेर नराम्रो परिणाम ल्याउन सक्ने कुरा सहजै अनुमान गर्न सकिन्छ ।

## बैयक्तिक विवरण

राजु कठहरिया

रूपन्देही जिल्ला, परासी बस्ने गोलु कठहरिया तथा केशरी कठहरियाको छोरा राजु कठहरिया हाल ११ वर्ष पुगेका छन् । उनको बुवा गोलु कठहरिया ५ वर्ष अगाडि नै ज्वरोको महामारीबाट स्वर्गवास भएको थियो । बावुको स्वर्गवास भएको ६ महिना नबित्दै आमा केशरी ७ वर्षको कलिलो बालकलाई छोडेर अर्कोसँगं पोइलो हिडेकी थिइन । ७ वर्षको बालक राजु समाज र परिवारले कुनै वास्ता नगरेका हुनाले उनी करिब ५ महिना जति परासी बजारमा आई मागेर खादै सडक जिवन विताउन बाध्य भए । यसै सडक जीवनको क्रममा परासी देखि बुटवल आउने लोकल बस चढेर बुटवल बसपार्कमा झरेका थिए ।

हाल उनी पुरानो बसपार्क वरीपरीका पसल अगाडि सडक पेटीमा बोरा ओछ्याएर रात बिताउने गरेका छन् । उनले वरपर फ्यालिने फाहोरका थुप्रोमा गई प्लाष्टिक आदीका सामानहरू बटुल्ने र हाटेल तथा चिया पसलबाट फ्यालिने दूध वा प्लाष्टिकका थैलो संकलन गरेर सम्बन्धीत ठाउँमा बेची पैसा जुटाएर गुजारा चलाउदै आएका छन् । उसले करीब चार घण्टा जति यस्ता काम गर्ने गरेको र बाकी समय चौरमा बस्ने र अरू साथीभाईहरूसँग घुमेर बस्ने गरेको बताएका छन् । राजुलाई कुनै संस्था वा परोपकार संस्थाले सहयोग गरेमा पढेर बस्ने विचार लिएका छन् भने उनको भविष्य योजना अनुसार पुलिस बनेर जिवन बिताउने लक्ष्य बोकेका छन् ।

# सन्दर्भ सूची ग्रन्थ


केन्द्रीय तथ्याङ्क विभाग (२००२) ।

स्रोत / लेखक / सम्बददाता : लक्ष्मी शर्मा http://eadarsha.com/%

बाल संरक्षण तालिम निर्देशिका २०६७ (केन्द्रीय बाल कल्याण समिति)

सडक बालबालिका उद्धार, संरक्षण तथा व्यवस्थापन मार्गदशन २०७२

बुटवल नगरपालिका रिर्पोट २०७१

बालबालिका सम्बन्धी राष्ट्रिय निति २०६९

गौरी प्रधान, "बालबालिका र बालअधिकार : नेपालको राष्ट्रिय, क्षेत्रिय र अन्तर्राष्ट्रिय प्रतिबद्धता" नोभेम्बर २०,१९९६ पेज ४

"सडक बालक : बढ्दो सामाजिक समस्या" बालसरोकार, नेपाल बालमजदुर सरोकार केन्द्र काठमाडौं, वर्ष १, अकं १, फागुन २०४७,पेज १२-१४

शरण ब.तामाङ्ग, "बालबालिका सडकमा किन?" बाल अभिवत्ति, बैशाख, २०५४, पेज८

"जीविकोपार्जनको धुनमा तल्लीन सडक बालबालिका", हिमालय टाइम्स दैनिक, पुस ८, २०५९ पेज ६

"child condition of Nepal Child worker Asia (2002) p.2

CWIN (2010) A survey Research on Street Children of Kathmandu, CWIN Kathmandu

'Nepal Child Labour Report' Nepal labour Force Survey (NLFS) 2008

Apteker, Lewis (1998) The Street Children of Columbia, Duke University press, Columbia USA

Susanna Angeli (1986) Street Children: A Growing Urban Tragedy, A report for the independent Commission on international Humanitarian, London

UNESCO (2OO1) Education for Street and working children in India, UNESCO New Delhi

UNICEF (1996) Situation Analysis of Street Children in Nepal, Child Welfare Society,April 1996

Narayani Manandhar ' A situation of street children in Nepal' paper present to South Asia workshop on street children 21-April 1992, New Delhi

Gauri Pradhan, "Khate- The street survive; problem and prospects", voice of Child Worker, Issue no.19/20. Sep 1993